# २०४६–४७

# २०४६ साल आषाढ २६ गते
# अर्थ मन्त्री भरत बहादुर प्रधानले
# दिनु भएको बजेट वक्तव्य

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ
२०४६

## १

**सम्माननीय अध्यक्ष महोदय,**

१.१ नेपाल अधिराज्यको आर्थिक वर्ष २०४६।४७ को आय व्यय विवरण लिएर राष्ट्रिय पंचायतको ४०औं अधिवेशनमा उपस्थित भएको छु । श्री ५ महाराजाधिराज सरकारको असीम निगाहबाट देशको अर्थ मन्त्रीको हैसियतले यस गरिमामय सदनमा चौथो पटक वार्षिक बजेट पेश गर्न पाएकोमा मौसुफ सरकार प्रति सभक्ति कृतज्ञता चढाउँदछु ।

१.२ आर्थिक वर्ष २०४६।४७ को बजेट प्रस्तुत गर्नु अगाडी देशको आर्थिक स्थिति बारे संक्षेपमा विश्लेषण गर्न चाहन्छु । यस सदनमा पेश गरेको आर्थिक वर्ष २०४५।४६ को आर्थिक सर्वेक्षणबाट विगत वर्षहरुमा देशले विभिन्न क्षेत्रमा गरेको प्रगति तथा चालु आर्थिक वर्षमा भएका आर्थिक तथा विकासका गतिविधि बारे माननीय सदस्यहरुमा विस्तृत जानकारी भएकै हुनु पर्दछ ।

१.३ देशको अर्थ व्यवस्थालाई सुदृढ पार्दै विकासको गतिमा तीव्रता ल्याउने उद्देश्यले आर्थिक वर्ष २०४३।४४ देखि आर्थिक समायोजनको कार्यक्रम संचालन गरिएको हो । यस कार्यक्रमको कार्यान्वयनबाट देशमा सकारात्मक आर्थिक उपलब्धिहरु भएका छन् । कृषिको बाहुल्य भएको हाम्रो अर्थतन्त्रमा मौसमको अस्थिरताको वावजूद आर्थिक वर्ष २०४४।४५ मा कूल गार्हस्थ्य उत्पादन २०३१।३२ को मूल्यमा ९.७५ प्रतिशतले बृद्धि भै आर्थिक वर्ष २०४३।४४ र २०४४।४५ मा औसत ६.१ प्रतिशतका दरले प्रति वर्ष बृद्धि भएको छ । राष्ट्रिय लगानी कूल ग्रार्हस्थ्य उत्पादनको अनुपातमा करीव १९.७ प्रतिशत रहेको छ ।

१.४ आर्थिक वर्ष २०४२।४३ को दाँजोमा आर्थिक वर्ष २०४४।४५ मा राजश्व १.६ प्रतिशत बिन्दुले बृद्धि भै कूल गार्हस्थ्य उत्पादनको १०.८ प्रतिशत पुगेको थियो भने बजेट घाटा पनि घटी १.२ प्रतिशत मात्र भएको थियो । विकास खर्च तर्फ पनि कूल विकास खर्च कूल गार्हस्थ्य उत्पादनको १२.३ प्रतिशतबाट १३.९ प्रतिशत पुग्न गएको थियो । यसैगरी निर्यात व्यापार ३४ प्रतिशतले बृद्धि भै कूल गार्हस्थ्य उत्पादनको ६.१ प्रतिशत पुगेको थियो । बैंकिङ्ग क्षेत्रबाट सरकारी क्षेत्र र संस्थानमा जाने कर्जा क्रमशः घट्न गएकोले निजी क्षेत्र तर्फ बढी कर्जा प्रवाहित गर्न सकियो । मुद्रा प्रदायको बृद्धि दरमा पनि कमी आउन सक्यो । सोधानान्तर स्थिति तर्फ निकासी व्यापार, पर्यटन क्षेत्र र अन्य सेवाबाट प्राप्त रकममा बृद्धि र वैदेशिक सहयोगको अधिकतम उपयो भै शोधनान्तर स्थितिमा क्रमिक रुपमा सुधार हुन गई विदेशी विनिमय संचितिमा उल्लेखनीय बृद्धि भएको थियो ।

१.५ चालु आर्थिक वर्षको पहिलो आठ महिनासम्म देशको अर्थ व्यवस्था विभिन्न क्षेत्रमा आशा गरिए अनुरुप प्रगति भएको थियो । यस अवधिमा कृषि र औद्योगिक उत्पादनमा उल्लेखनीय बृद्धि हुनुको साथै मूल्य बृद्धि दर पनि घट्न गई करीव ८ प्रतिशत रहेको थियो । विकास खर्च नगदमा मात्र ३० प्रतिशतले बृद्धि भएको थियो । बैदेशिक सहायताको उपयोगमा उत्साहप्रद बृद्धि हुनुका साथै राजस्व पनि करीव १८ प्रतिशतले बढेको थियो । फलस्वरुप गत वर्षको दाँजोमा बजेट घाटा १.३ प्रतिशतले घट्न गयो । यस अवधिमा कूल निर्यात करिव २४ प्रतिशतले बृद्धि भई रु. ३ अरव १७ करोड पुगको थियो । पैठारी तर्फ अपनाइएको खुला नीति र विकास निर्माण सामग्रीको बढ्दो पैठारीको कारणबाट कूल पैठारी बृद्धि भै रु. ११ अरव ४२ करोड पुगेको थियो । कूल पैठारीमा यसरी बृद्धि भएता पनि सेवाका साथै वैदेशिक सहयोगको उपयोगमा बृद्धि भएकोले शोधानान्तर स्थितिमा रु. १ अरव ३६ करोड बचत हुन गए बाट करीव ७ महिनाको पैठारीलाई धान्न पुग्ने गरी बैदेशिक विनिमय संचिति भएको छ । यी उपलब्धिहरुबाट प्रोत्साहित भएर श्री ५ को सरकारले कृषि, सिंचाई तथा वित्तीय क्षेत्रमा अरु सुधार गर्ने दृष्टिकोण राखी आर्थिक समायोजन कार्यक्रमको दोश्रो चरण संचालन गर्ने तयारी गर्दैछ ।

१.६ नेपाली अर्थतन्त्र यसरी सुदृढ हुँदै विकास प्रक्रियाको गति अगाडी बढी रहेको अवस्थामा छिमेकी राष्ट्र भारतसंगको व्यापार तथा पारवहन सम्बन्धी उत्पन्न गतिरोधको हामीले अकस्मात सामना गर्नु पऱ्यो । यो संकट त्यस्तो समयमा आइलाग्यो जब हामी यस वर्षको दैवीप्रकोप भूकम्पबाट पीडित परिवारको उद्धार कार्यको सामना गरी आर्थिक विकासमा फेरि सम्पूर्ण ध्यान केन्द्रित गर्न लागि रहेका थियौं । प्रमुख व्यापार सम्बन्ध भएको देशसंग यस किसिमले अप्रत्याशित गतिरोध आउंदा अर्थतन्त्रमा ठूलो धक्का पर्नु र यसको हरेक पक्ष प्रभावित हुनु स्वाभाविक थियो ।

१.७ मुख्यतः भारतले पेट्रेल, डिजेल, मट्टितेल, कोइला जस्ता आधारभूत वस्तुहरु नेपालमा निकासी गर्न निषेध गर्नुको साथै नेपाल-भारत व्यापारका २१ परंपरागत नाकाहरु र पारवहनका १५ नाकाहरु मध्ये केवल दुई नाका बाहेक अरु नाकाहरु बन्द गऱ्यो । यसबाट आन्तरिक आवागमनमा बाधा पुग्नुका साथै समानको ओसारपसारमा अवरुद्ध हुन गै हाम्रो आपूर्ति व्यवस्थमा अवरोध आयो । आवश्यक ईन्धन तथा वस्तुहरुको कमीले उद्योगहरुको संचालन तथा विकास आयोजनाहरुको कार्यान्वयनमा प्रतिकूल असर पऱ्यो ।

१.८ भारत सरकारले नेपालसंग अतिसौविध्य प्राप्त देशसंगको व्यापारिक व्यवहार गरेबाट नेपाली वस्तुको भारत निकासीमा उच्च भंसार दर लाग्न गएकोले वस्तुहरुको निकासी हुन सकेन । यसरी हाम्रो निकासी पैठारी दुवै व्यापारमा ठूलो अवरोध खडा भयो । एकातिर देश भित्रै उत्पादन गरिएका वस्तुहरुको ओसार-पसारमा कठिनाई भै आपूर्तिमा अवरोध भएबाट मूल्यमा चाप पर्न थाल्यो भने अर्कोतिर विदेशबाट आयात गरिएका सामानहरुको ढुवानी भाडा बृद्धि भएबाट पनि मूल्यमा प्रतिकूल प्रभाव पर्न गयो । समष्टिमा भारतको एकतर्फी कारवाहीबाट हाम्रो आर्थिक गतिविधिमा ठूलो अवरोध खडा हुनुको साथै हाम्रो अर्थतन्त्रको ठूलो आर्थिक भार वहन गर्नु परिरहेको छ ।

१.९ प्रारम्भिक अनुमान अनुसार यस गतिरोधबाट यस वर्ष कूल गार्हस्थ्य उत्पादनमा दुई अरव रुपैयाँ भन्दा बढीको नोक्सान पुग्ने देखिएको छ । कूल गार्हस्थ्य उत्पादनको बृद्धिदर चालु वर्ष शुरुमा ५ प्रतिशत भन्दा बढी हुने लक्षण देखिएकोमा खासगरी गैर कृषि क्षेत्रमा पर्न गएको प्रभावको कारण अव यो घटेर १.५ प्रतिशत हुने अनुमान छ ।

१.१० यस परिस्थितबाट सृजित कठिनाईलाई न्यून गरी जनसाधारणलाई राहत दिन श्री ५ को सरकारले विद्युत र दाउरा जस्ता अत्यावश्यक वस्तुहरुको मूल्य कटौती गरी तिनको आपूर्तिमा बृद्धि गरिएको र मट्टीतेल, पेट्रेल, डिजेल जस्ता इन्धनहरु विदेशबाट आयात गरी समुचित वितरण व्यवस्था गरेको माननीय सदस्यहरुलाई विदितै छ । आपूर्ति व्यवस्था नियमित तुल्याउन आयातमा लाग्ने अतिरिक्त भन्सार महशूल घटाउनुका साथै इन्धन लगायत अन्य आवश्यक वस्तुहरु खुला इजाजत पत्र प्रणाली अन्तर्गत विभिन्न मुलुकहरुबाट पैठारी हुन सक्ने व्यवस्था गरिएको हो । यस बाहेक बोलकबोल प्रणाली अन्तर्गत अन्तर्गत बढी इजाजत पत्र निस्कासन गर्नुको साथै प्रतीत-पत्रको मार्जिन दरमा पनि कमी गरिएको छ ।

१.११ उद्योगहरुको संचालनमा अवरोध आउन नदिन कच्चा पदार्थ तथा पार्टपूर्जाहरु, फर्नेस आयल, डिजेल, कोइला आदि आवश्यक परिमाणमा विदेशबाट आयात गर्न उद्यमीहरुलाई खुला इजाजतपत्रको सुविधा उपलब्ध गराइएको छ । औद्योगिक कच्चा पदार्थका साथै दैनिक आवश्यकताका वस्तुहरु र इन्धनको आपूर्ति बढाउन पैठारी तर्फ अपनाइएको खुला इजाजत-पत्र प्रणालीबाट अनावश्यक परिमाणमा आयात भै विदेशी मुद्राको संचितिमा चाप पर्ने हो कि भन्ने केही माननीय सदस्यहरुले चिन्ता प्रकट गर्नु भएको प्रति म जागरुक छु । यस किसिमको स्थिति हुन नदिन विनिमय संचितिको निरन्तर अनुगमन भइरहेको व्यहोरा जानकारी गराउँदछु ।

१.१२ निकासी तर्फ अन्य मुलुकहरुमा निकासी हुने गरेको वस्तुको उत्पादन बृद्धि गराउन र भारतमा निकासी भैरहेका परंपरागत वस्तुहरुको लागि अन्य बजार खोज्ने कार्यमा उद्यमीहरुलाई सघाउन श्री ५ को सरकार प्रयत्नशील छ । निकासी प्रवर्द्धन गर्न छाला, सूठो, हैसियन लगायत केहि अन्य निर्यात गरिने वस्तुहरुमा नगद अनुदान दिने व्यवस्था पनि गरिएको छ ।

१.१३ यी कदमहरुको अवलम्वनबाट केहि सकारात्मक असरहरु अनुभव गर्न थालिएको छ । इन्धनको आपूर्तिमा सुधार आएकोले सार्वजनिक यातायात र अन्य सवारी साधनहरुको संचालनमा केही सुधार भएको छ भने दैनिक आवश्यकताका वस्तुहरुको आपूर्ति पनि क्रमशः सुधिदै गएको छ । त्यस्तै उद्योगहरुको निम्ति चाहिने कच्चा पदार्थ, पार्टपूर्जा, इन्धन आपूर्तिमा पनि क्रमिक रुपले सुधार हुँदै आएको छ । निकासी तर्फ पनि भारतमा निकासी हुने गरेको वस्तुहरुको अन्य मुलुकहरुबाट माग प्राप्त हुन थालेको र यस्ता केही वस्तु निर्यात हुन शुरु भै सकेको छ ।

१.१४ भारतसंगको गतिरोधबाट अर्थतन्त्रमा पर्न सक्ने प्रतिकूल असरलाई न्यून पार्ने उद्देश्यले श्री ५ को सरकारको २२ बुंदाको आर्थिक कार्यनीति जनसमक्ष आइसकेको छ । उक्त कार्य नीतिमा अत्यावश्यक वस्तु तथा आधारभूत सामान तथा कच्चा पदार्थको आपूर्ति र वितरणलाई नियमित तुल्याउने जस्ता अल्पकालीन कार्यक्रम र वैकल्पिक उर्जा स्रोतको विकास र विद्युतमा आधारित सार्वजनिक यातायात विस्तार गर्ने जस्ता दीर्घकालीन कार्यक्रम समावेश गरिएका छन् । केही अल्पकालीन कार्यहरु श्री ५ को सरकारले कार्यान्वयनमा ल्याईसकेको छ र अन्य केही कार्यहरु आगामी वर्षको कार्यक्रममा समावेश गरेको छु ।

१.१५ वर्तमान समस्या हाम्रो सामु एक चुनौतिको रुपमा खडा भएको छ भने यसले देशलाई आत्म निर्भरतातिर लान हामीलाई एक ठूलो मौका पनि दिएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम यही अवसरलाई सदुपयोग गर्ने लक्ष्य तिर उन्मुख छ ।

## २

२.१ अर्थतन्त्रले विगतका वर्षहरुमा गरेको प्रगति र हाल केही समय यता नेपाल भारत वीच व्यापार तथा पारवहनमा उत्पन्न गतिरोधबाट राष्ट्रिय अर्थ व्यवस्थामा तत्कालै परेका प्रतिकूल प्रभावहरु बारे मैले संक्षेपमा माथि विवेचना गरें । यसको असर आगामी वर्ष पनि रहने छ । तर यसबाट अर्थ व्यवस्थामा पर्नसक्ने संकुचनलाई रोक्नुनै हाम्रो सामु एक ठूलो चुनौती छ ।

२.२ आगामी आर्थिक वर्षको बजेटको मुख्य लक्ष्य यो चुनौतीलाई सामना गरी सरकारी तथा निजी क्षेत्रको गतिविधिमा सबलता ल्याई उत्पादन तथा वितरण व्यवस्थाका साथै रोजगार स्थितिमा सुधार ल्याउने रहेको छ ।

२.३ श्री ५ महाराजाधिराज सरकारबाट यस सदनलाई बक्स भएको शाही सम्बोधन लाई हृदयंगम गरी श्री ५ को सरकारको २२ सूत्रीय आर्थिक कार्यनीति अनुरुप आगामी आर्थिक वर्षको बजेटको नीति र कार्यक्रमहरुको तर्जुमा निम्न उद्देश्यहरु प्राप्ति गर्नमा परिलक्षित गरेको छ ।

क. उत्पादन, वितरण तथा रोजगारका अवसरहरु बृद्धि गर्न सरकारी तथा गैर सरकारी क्षेत्रको आर्थिक क्रियाकलापमा बृद्धि गर्नु,

ख. उत्पादन बृद्धि गरी सर्वसाधारण जनताको आवश्यकताका वस्तुहरुको आपूर्ति व्यवस्थित गरी मूल्य नियन्त्रण गर्नु ।

२.४ उपर्युक्त उद्देश्यहरु परिपूर्तिका लागि निम्न लिखित कार्यनीतिहरु अपनाइएका छन् ।

- दैनिक आवश्यकताका वस्तुका साथै इन्धनको आपूर्ति तथा भंडारको व्यवस्था गरी वितरण प्रणालीमा सुधार गर्ने,
- कृषि र औद्योगिक क्षेत्रमा आवश्यक उत्पादन सामग्रीहरु र कच्चा पदार्थ आपूर्तिमा अरु सुधार गर्ने,
- आधारभूत आवश्यकताका कार्यक्रमहरुका साथै प्राथमिकता प्राप्त कार्यक्रमहरुमा लगानीको प्रवाह गर्ने,
- लगानी र वचतमा प्रोत्साहन गर्ने तथा आवश्यक साधन स्रोतको परिचालन गर्न उपयुक्त वित्तीय र मौद्रिक नीतिको अवलम्वन गर्ने,
- वित्तीय क्षेत्रको कार्यविधिमा सुधार गरि पूंजी बजारको विकास गर्ने,
- निजी क्षेत्रलाई आर्थिक गतिविधिमा अरु बढी संलग्न गराउन उदार नीअिवलम्वन गर्ने, र
- आर्थिक विकेन्द्रकरण र जनसहभागितालाई बढावा दिने ।

२.५ सर्वप्रथम जनताका जीवन स्तर क्रमिक रुपले माथि उठाउँदै लैजाने दीर्घकालीन लक्ष्य हासिल गर्न उत्पादन बृद्धिद्वारा समस्त आर्थिक क्रियाकलापमा नै बृद्धि गर्दै लैजानु पर्ने भएबाट आगामी वर्ष उत्पादन बृद्धि गर्न बढी जोड दिइएको छ । यसका लागि कृषि क्षेत्रमा उन्नत विउ एवं रासायनिक मलको आपूर्तिमा बृद्धि र वितरणमा सुधार गर्नुको अतिरिक्त सिंचाइ सुविधाको उपयोगमा बृद्धिका साथै व्यावहारिक र उत्पादनमूलक अनुसन्धान एवं प्रचार कार्यक्रम विशेष जोड दिइने छ ।

२.६ कृषि उत्पादनमा बृद्धि ल्याउन सकेमा जनताका लागि चाहिने खाद्य पदार्थ र कृषि जन्य उद्योगहरुका लागि कच्चा पदार्थ आन्तरिक स्रोत बाटे पूर्ति हुने मात्र नभई वहुसंख्यक कृषकहरुको क्रयशक्ति बढ्न गई अन्य उपभोग्य वस्तु र सेवाहरुको मागमा आउने बृद्धिले आर्थिक गतिविधिलाई नै सघाउ पुग्ने कुरा निर्विवाद छ । तसर्थ कृषि क्षेत्रलाई आर्थिक विकासको अगुवा क्षेत्रको रुपमा परिचालन गर्ने उद्देश्य अनुरुप यस क्षेत्रको संगठनात्मक विकास कार्य निर्धारित कार्यक्रम बमोजिम संचालन गरिने छ । हाल सम्म आयात गरी आन्तरिक माग पूर्ति गरिएका कृषि जन्य वस्तुहरुको देशमानै उत्पादन बृद्धि गरी आपूर्ति गर्ने उद्देश्यले कृषिमा आत्म निर्भर कार्यक्रम संचालन गर्नमा अरु जोड दिइने छ । कृषि कार्यक्रमलाई बढी उत्पादनमूलक बनाउने क्रममा कृषकहरुलाई आवश्यक प्रविधि, ऋण र अन्य सामग्री उपलब्ध गराउन कृषि विकास कार्यमा संलग्न संस्थानहरुलाई प्रभावकारी रुपले परिचालन गरिने छ ।

२.७ यस क्रममा रासायनिक मल वितरण प्रक्रियामा सुधार ल्याउने सिलसिलामा मल वितरण नियमावली लागु गरी सकिएको छ । रासायनिक मलको वार्षिक आयात र संचिति परिमाणमा बृद्धि गर्दै जाने नीतिको पूरकको रुपमा वितरण प्रणालीमा गरिएको यस सुधारले कृषकहरुलाई रासायनिक मल निर्वाध र सुलभ किसिमले ठीक समयमा उपलब्ध गराउन मद्दत पुग्ने विश्वास लिएको छु ।

२.८ सिंचाई क्षेत्रमा सम्पन्न सिंचाई आयोजनाको संचालन, मर्मत र सम्भारमा कृषकहरुको सक्रिय सहभागिता जुटाउन र साना तथा मझौला सिंचाई विकास उपभोक्ता समूह कै सक्रियतामा संचालन गर्न कृषक समूहको गठनलाई कानूनी आधार प्रदान गर्न नयाँ सिंचाई नियमावली हालै लागु गरिएको छ । यसको लागि कृषक समुहद्वारा आयोजना कार्यान्वयन गर्ने प्रक्रिया तयार भई सकेको छ । कृषकहरुबाट माँग संकलन गरी केही आयोजनाहरु कार्यान्वयनका लागि छनौट पनि गरि सकिएका छन् । यस व्यवस्थाले सिंचाई आयोजनाको प्रारम्भिक कार्य देखि संचालन तथा संभारमा समेत कृषकहरुको सहभागिता रहने छ ।

२.९ दैनिक जन जीवन र प्राकृतिक वातावरणमा बन क्षेत्रको महत्वपूर्ण भूमिकालाई ध्यानमा राखी यसै वर्ष देखि यस क्षेत्रको बृहत्तर सुधार गर्ने कार्यको थालनी भएको हो । वन विकास गुरु योजना जनसमक्ष आई सकेको छ । वनको संरक्षण, सम्वर्धन र व्यवस्थापनमा जन सहभागिता बढाउने दृष्टिकोणले पंचायती वन र कबुलियत वन नियमावलीमा संशोधन गर्नुको साथै निजी वन नियमावली लागु गरिएको छ । पंचायती वन र पंचायत संरक्षित वनको व्यवस्थापन स्थानीय पंचायतद्वारा विकेन्द्रीकरण अन्तर्गत गठन गरिएको उपभोक्ता समूहले गर्ने र त्यसबाट

प्राप्त सम्पूर्ण आम्दानी वन कै विकास र संरक्षणको लागि सम्बन्धित पंचायतले पाउने नीति कायम राखिएको छ । कबुलियतमा वन संचालन गर्न चाहने व्यक्तिले ५० वर्ष र उद्योगले ९० वर्षसम्मको कबुलियत गर्न सक्ने र त्यसबाट उत्पादित वस्तुहरु आफुखुसी प्रयोग गर्न पाउने व्यवस्था पनि भएको छ । वन जंगलको संरक्षण र सम्वर्द्धनमा विस्तार गर्न व्यक्ति विशेषले आफ्नो हकभोगको जग्गामा निजी वन लगाउन प्रोत्साहन गरिने छ । वन विकासको यस विस्तृत कार्यक्रमबाट रोजगारीको अवसर बढाउन मद्दत पुग्ने छ ।

२.१० उद्योग क्षेत्रमा कच्चा पदार्थको आपूर्ति व्यवस्थामा सरलता र आवश्यक प्रोत्साहन प्रदान गर्ने व्यवस्थाबाट विगत केही वर्षदेखि औद्योगिक उत्पादनमा सकारात्मक प्रभाव परेको छ । आगामी वर्ष पनि यस व्यवस्थालाई कायमै राखी कच्चा पदार्थ आपूर्ति कार्यलाई अझ बढी सरल तुल्याउनुको साथै आयात प्रतिस्थापन तर्फ जोड दिइने छ । आन्तरिक माग पुरा गर्न सक्षम भैसकेका उद्योगहरुलाई उचित संरक्षण र प्रोत्साहन दिन यस्ता उद्योगले उत्पादन गर्ने वस्तु केवल इजाजत पत्रबाट मात्र पैठारी गर्न सकिने व्यवस्था गरिने छ । यस्तै उद्योगहरुको विकास र सम्वर्धनका लागि आवश्यक पूंजी उपलब्ध गराउन औद्योगिक कर्जा प्रवाहमा विस्तार गरिने छ भने उत्पादनको गुणस्तर बढाउन र विविधीकरण गर्न चाहिने प्रविधि, उपकरण र औजार झिकाउन आवश्यक सुविधा पनि दिइने छ ।

२.११ औद्योगिक उत्पादन र रोजगारको दृष्टिकोणबाट स्वदेशी श्रम र साधनमा आधारित घरेलु उद्योगको विशेष भूमिका रहेको छ । घरेलु उद्योगले बहुसंख्यक नेपालीको लत्ता-कपडा, गलैंचा, हस्तकला, कागज जस्ता वस्तुहरुको आन्तरिक खपत तथा निर्यातमा प्रत्यक्ष सहयोग पुऱ्याइ आएको छ । अर्थतन्त्रमा रोजगारीको अवसर प्रदान गर्नुको अतिरिक्त जनताको क्रय शक्तिमा बृद्धि गर्न महत्वपूर्ण योगदान भएकोले नै घरेलु व्यवसायलाई हामीले विशेष सहुलियत प्रदान गर्दै आएका हौं । यी सुविधा र सहुलियतलाई कायम राख्दै आगामी वर्ष यसलाई अरु प्रभावकारी बनाइने छ ।

२.१२ कृषि, वन र उद्योग क्षेत्रमा प्रस्तावित कार्यक्रमहरुबाट रोजगारीको थप अवसर सिर्जना हुनुको साथै आय स्तर बृद्धि गर्नमा ठूलो सघाउ पुग्ने विश्वास लिएको छु ।

२.१३ विगत केही वर्ष देखि निकासी तथा पैठारी नीति बढी सरल एवं खुला गर्दै आएको माननीय सदस्यहरुलाई अवगतै छ । आगामी वर्ष यस नीतिलाई अझ बढी उदार बनाइने छ । निकासी तर्फ निकासी बृद्धिका साथै देशगत र वस्तुगत विविधीकरणलाई प्रोत्साहन दिन निकासी अनुदानको हालको व्यवस्था कायम गर्नुका साथै अन्य थप निकासी योग्य वस्तुहरुको पहिचान गर्ने, वण्डेड वेयर हाउस प्रणालीमा आवश्यक सुधार गर्ने, निकासी योग्य वस्तुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ आदिमा लागि आएको भंसार तथा अन्य महशूल फिर्ता दिने र निकासी कर्जाको प्रवाहमा बृद्धि गर्ने नीति लिएको छु ।

२.१४ निकासी गरिने वस्तुको उत्पादनमा प्रयोग हुने वस्तुहरुको पैठारी गर्न स्वतः आयात इजाजत पत्र दिनुका अतिरिक्त उनी गलैंचाको उत्पादनको लागि कच्चा ऊन पैठारी इजाजतमा प्रिमियम नलाग्ने व्यवस्था गरिएको छ । आगामी वर्ष निकासी वस्तुहरुमा लाग्ने निर्यात महशूल घटाइने छ । यस वाहेक विदेशमा चाँदी एवं सुनका गहनाहरुको लोकप्रियतालाई दृष्टिगत गरी चाँदी साथै सुनको गहना निकासीलाई प्रोत्साहित गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

२.१५ पैठारी तर्फ खुला आयात इजाजत पत्रको व्यवस्था अन्तर्गत केही मेशिनरी र अर्ध तैयारी वस्तुका साथै कच्चा पदार्थ एवं उपभोग्य वस्तु समावेश गरी यसमा विस्तार गरिने छ । पैठारी तर्फको बोलकबोल व्यवस्थामा अरु सुधार गरिने छ । औद्योगिक कच्चा पदार्थको आपूर्तिका लागि कार्यान्वयन गरिएको पास बुकको व्यवस्था कायमै गरिएको छ । पैठारी तर्फ गरिएको उपरोक्त व्यवस्थाबाट कच्चा पदार्थ र मेशिनरी आदिको आपूर्तिको अतिरिक्त उपभोग्य वस्तुहरुको आपूर्तिमा अझ सुगमता आई वितरण र मूल्यमा अनुकुल प्रभाव पर्ने विश्वास लिएको छु ।

२.१६ दैनिक उपभोगका वस्तुहरुको आपूर्ति नियमित गराउन उत्पादन बृद्धिका साथै पैठारी सरल तुल्याइने छ । आवागमनको कठिनाईलाई ध्यानमा राखी आवश्यक सरसामान सुदूर पश्चिमान्चल लगायत अन्य दुर्गम क्षेत्रमा पुऱ्याउने व्यवस्था सुदृढ गरिने छ । यस क्रममा आवश्यक वस्तुहरुको आपूर्ति नियमित गर्न तथा मूल्य अनुगमन गर्न श्री ५ को सरकारले हालै मात्र केन्द्रीय स्तर देखि क्षेत्रीय, जिल्ला, इलाका र स्थानीय गाउँ वा नगर पंचायत स्तरसम्म संस्थागत बन्दोबस्त मिलाएको माननीय सदस्यहरुलाई विदितै छ । यसबाट आपूर्तिमा सुगमता आउनुको साथै मूल्यमा देखिएको विकृतिलाई हटाउन सघाउ पुग्ने छ भन्ने कुरामा विश्वस्त छु ।

२.१७ अति आवश्यक वस्तुहरुको आपूर्ति र भण्डार व्यवस्थामा आवश्यक सुधार ल्याइ वितरण व्यवस्था नियमित तुल्याउने क्रममा पेट्रोलियम पदार्थहरुको आपूर्तिका लागि वैकल्पिक स्थायी स्रोतको व्यवस्था गर्नुका साथै अधिराज्यका विभिन्न स्थानहरुमा थप सुरक्षा भण्डारको निर्माण गर्नुको अतिरिक्त निजी क्षेत्र र संस्थानहरुलाई पनि भण्डारको व्यवस्था गर्न प्रोत्साहन गरिने छ । यसका साथै ढुवानी क्षमता विस्तार गर्न निजी क्षेत्रलाई टेंकर ट्रकका लागि आवश्यक कर्जाको व्यवस्था मिलाइने छ ।

२.१८ हाम्रो विकास प्रयास सामान्यतया श्रम मूलक रहेकोले आर्थिक गतिविधि शिथिल भएमा रोजगारीमा प्रतिकूल असर पर्ने स्वतः स्पष्ट छ । जनवलको बाहुल्य रहेको हाम्रो देशमा उपयुक्त तालीमबाट नै श्रमिकहरुको रोजगारीमा बृद्धि गर्न सकिने छ । त्यसैले आगामी वर्ष व्यवसायिक सीप विकास तालिम र श्रमिक तालिम विस्तार गरिने कार्यक्रम छ । शहरी क्षेत्रमा बढ्दो शिक्षित बेरोजगारीको समस्यालाई दृष्टिगत गरी त्यस्ता बेरोजगार व्यक्तिलाई संभाव्य उद्योग तथा अन्य व्यवसाय संचालनका लागि बैंकहरुबाट ऋण दिने कार्यको दायरा र प्रभावकारिता बढाइने छ ।

२.१९ उद्यमीहरुलाई उत्पादनशील कार्यमा प्रोत्साहन दिन श्री ५ को सरकारले अनुदान दिने नीति अपनाउँदै आएको माननीय सदस्यहरुलाई विदितै छ । यस क्रममा बैंकहरुबाट गोबर ग्याँस, स्यालो ट्यूबवेल, साना जलविद्युत आयोजना जस्ता शीर्षकहरुमा दिइने पूँजी अनुदानबाट यी प्रविधिहरुको प्रयोगमा उत्साहबर्धक प्रगति भएको छ भने रासायनिक मलको मूल्य तथा ढुवानीमा दिइएको अनुदानबाट मलको खपत बढाउन सघाउ पुगेको छ । त्यसैगरी फलफूल, चिया, माछा पालनको विकासमा व्याज अनुदानको महत्वपूर्ण भूमिका रहेको छ । हालको अवस्थामा यस्ता अनुदानहरुको उपयोगिता अझ बढेको छ । यसैले यी क्षेत्रहरुमा पूँजी र ब्याज अनुदान दिने वर्तमान व्यवस्था आगामी वर्ष पनि कायम राखेको छु । यस बाहेक जन सहभागिताद्वारा संचालन गरिने खानेपानी तथा ढल निर्माण, साना तथा मझौला सिंचाई आयोजनाको निर्माण र वन लगाउने कार्यक्रममा गत वर्ष देखि शुरु गरिएको अनुदान नीति यथावत राखिएको छ । खाद्यान्न र मल ढुवानीमा दिइ आएको अनुदान पनि कायम गरेको छु । सरकारी संस्थानहरुबाट उपलब्ध गराइने अरु वस्तु तथा सेवाहरुको मूल्यमा बजार अनुकूल सुधार गर्दै लैजाने नीति अवलम्वन गरिने छ ।

२.२० शिक्षा तर्फ आधारभूत आवश्यकता अन्तर्गतको प्राथमिक शिक्षा कार्यक्रमलाई जोड दिने नीति कायम राखिएको छ । प्राविधिक जनशक्तिको आपूर्तिका लागि प्राविधिक शिक्षालयहरु विस्तार गर्दै लाने नीति कार्यान्वयन गरिने छ । विद्यालय स्तरको शिक्षाको गुणस्तर बढाउने अभिप्रायले शिक्षाको अवधिमा २ वर्ष थप गरी उच्च माध्यमिक तहको १०+२ व्यवस्था क्रमशः कार्यान्वयन गर्दै जान आगामी वर्ष आवश्यक पूर्व तयारी गरिने छ । अधिराज्य भित्र स्तरीय स्कूल खोल्न निजी क्षेत्रलाई प्रोत्साहन दिने नीति कायमै राखेको छु ।

२.२१ स्वास्थ्य क्षेत्रमा प्रतीकारात्मक कार्यक्रम, प्राथमिक उपचार र परिवार नियोजन जस्ता जनसंख्या बृद्धि नियन्त्रण गर्ने कार्यक्रमहरु एकीकृत रुपमा संचालन गरिने कार्यक्रम जारी रहने छ । आत्म निर्भरता हासिल गर्दै जाने क्रममा देश बाहिर गई स्वास्थ्य उपचार गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न देश भित्रै उच्च स्तरको अस्पताल संचालन गर्न निजी क्षेत्र वा गैर सरकारी संस्थहरुलाई प्रोत्साहित गरिने छ । त्यस्तै आवश्यक औषधीहरु देश भित्रै उत्पादन गर्न प्रोत्साहन दिइने छ ।

२.२२ सरकारी स्वामित्वमा रहेको संस्थानहरुको क्रियाकलापमा सुधार गर्न श्री ५ को सरकारप्रयत्नशील छ । संस्थानहरुको वित्तीय अनुशासन र लेखा परीक्षणमा मौलिक सुधार ल्याइने छ । सरकारी संस्थानहरुको निजीकरण प्रक्रिया अगाडी बढ्न नसकेकोले यसको बृहत्त कार्य योजना तयार गरी कार्यान्वयन गर्ने कार्यक्रम छ ।

२.२३ भारतसंगको हालको गतिरोधबाट आगामी वर्ष देशको आर्थिक गतिविधिमा केही शिथिलता आउन सक्ने संभावना रहेको बारेमा मैले अघि नै उल्लेख गरिसकेको छु । आर्थिक गतिविधिमा शिथिलता आउन नदिन मागलाई वान्छित सीमासम्म कायम राख्नु पर्ने हुँदा रोजगार र आयमा प्रतिकूल प्रभाव पर्न नदिन निजी क्षेत्रका साथै सरकारी क्षेत्रको गतिविधिमा पनि शिथिलता आउन दिनु हुँदैन । यस कुरालाई दृष्टिगत गरी आन्तरिक साधनको अपर्याप्तताको वावजुद आगामी वर्ष सरकारी खर्चको स्तरमा केही बृद्धि गर्ने प्रस्ताव गरेको छु ।

२.२४ वर्तमान समस्याको परिप्रेक्षमा राजश्व परिचालनमा विगतमा हासिल गरिएका उपलब्धि कायम राख्न नसकिने स्पष्ट छ । यसरी एकातिर सरकारी खर्च केही बढाउनु पर्ने र अर्को तिर राजश्व परिचालन वान्छित रुपमा बृद्धि हुन नसकेमा बजेटघाटा बढाउने कि विदेशी सहायता माथि निर्भरता बढाउने दुइ विकल्प मध्ये एक रोज्जु पर्ने हुन्छ । आर्थिक व्यवस्थापनको दृष्टिकोणबाट बजेट घाटा नियन्त्रित राख्नु उपयुक्त मात्र होइन जरुरी पनि छ । यसैले बजेट घाटालाई नियन्त्रित राखी बरु वैदेशिक सहयोगको उपयोगमा बृद्धि गर्ने नीति लिएको छु ।

२.२५ देशमा वित्तीय साधन परिचालन गर्ने प्रशस्त गुंजायस छ । खासगरी वित्तीय बजारको विकासबाट देशमा छरिएर रहेको वचत परिचालन गर्न र उद्यमीहरुको पूंजी प्रति पहुँच सरल पार्न सकिन्छ । त्यसैले आगामी वर्ष वित्तीय बजार र वित्तीय संस्थाहरुको विकास र विस्तार गर्न विशेष ध्यान दिइने छ । यस क्रममा श्री ५ को सरकारको जमानतमा संस्थानहरुलाई उपलब्ध गारइएको पुरानो ऋण समयवद्ध रुपमा चुक्ता गर्दै जाने व्यवस्था गरेको छु । साथै सरकारी क्षेत्रले बैंकिङ्ग क्षेत्रबाट लिने आन्तरिक ऋण क्रमशः कम गर्दै लगी निजी क्षेत्रलाई बढी पूंजी उपलब्ध गराउने नीति अपनाएको छु ।

२.२६ आगामी वर्ष विभिन्न समयमा भुक्तानी हुने विभिन्न व्याजदरका ट्रेजरी बिल र अन्य ऋणपत्रहरु बोल कबोल प्रथाद्वारा नियमित निष्कासन गर्ने क्रम जारि राखिने छ । यस्ता ऋणपत्रहरुको खरीद विक्रि सरल रुपबाट गर्न सकिने व्यवस्थाद्वारा दोश्रो तहको बजारको विकास हुने छ । यसबाट वचतकर्तालाई लगानीको वैकल्पिक अवसर प्राप्त भै वचत परिचालनमा बृद्धि हुने विश्वास लिएको छु ।

२.२७ वाणिज्य बैंक तथा वित्तीय संस्थानहरुले निक्षेप दिने न्यूनतम ब्याज दर र कर्जा सापटमा लिने अधिकतम ब्याज दर हाल नेपाल राष्ट्र बैंकले तोक्ने गर्दै आएकोमा आगामी वर्ष देखि लिने-दिने ब्याज दर वित्तीय संस्थानहरु आफैंले तोक्न पाउने गरी पूर्ण स्वतन्त्रता प्रदान गरिनेछ । यसबाट मांग तथा आपूर्तिको आधारमा ब्याज दर निर्धारण हुन गई बैंक तथा ग्राहक दुवै वर्ग लाभान्वित हुने छन् । साथै, नेपाल राष्ट्र बैंकबाट दिइने पुनर्कर्जा तथा रि-डिस्काउण्टीङ्ग व्यवस्थामा आवश्यकता अनुसार घटबढ गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी पर्याप्त मात्रामा प्रवाहित हुने प्रवन्ध गरिने छ । यस व्यवस्थाबाट बैंक तथा वित्तीय संस्थानहरु वीच स्वस्थ प्रतिस्पर्धा कायम हुन गई आ-आफ्नु दक्षता बढाई बढी भन्दा बढी स्रोत जुटाउन बैंक तथा वित्तीय संस्थानहरु सक्षम हुने र जोखिमको आधारमा लगानी दर कायम भई साधनको सदुपयोग हुने छ ।

२.२८ वित्तीय व्यवस्थालाई सुदृढ गर्न चालु आर्थिक वर्ष बैंकहरुको पूंजी संरचनामा बृद्धि, कर्जाहरुको वर्गीकरण, प्रति-ग्राहक कर्जाको सीमा निर्धारण जस्ता विभिन्न सुधारात्मक निर्णयहरु लिइएका छन् । बैंकिङ्ग सेवाको नाजायज फाइदा उठाउने प्रवृत्तिलाई दुरुत्साहित गर्न कर्जाहरुबारे आपसमा सूचना आदान प्रदान गर्न नेपाल बैंकर्स संघको मातहतमा कर्जा सूचना केन्द्रको स्थापना गरिएको छ । यसका साथै बैंक तथा वित्तीय संस्थानहरुको नियमित निरीक्षण तथा सुपरिवेक्षण गर्न नेपाल राष्ट्र बैंकलाई पर्याप्त कानूनी अधिकार प्रदान गर्न बैंकिङ्ग ऐनहरुमा आवश्यक संशोधनका लागि सदनमा विधेयकहरु प्रस्तुत गरिने छ । यसै क्रममा नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकलाई सुदृढ गर्न एक विस्तृत अध्ययन शुरु गरिदैंछ । उक्त कदमहरुबाट देशको आर्थिक विकासको लागि महत्वपूर्ण आर्थिक संस्थाहरुको कार्य क्षमता र कुशलता अभिबृद्धि हुने छ ।

२.२९ मुद्रा प्रदायको बृद्धि दरलाई अर्थ व्यवस्थाको माग बमोजिम नियन्त्रण गर्न आगामी वर्ष देखि नेपाल राष्ट्र बैंकले संचिति मुद्रा व्यवस्थापन (Reserve Money Mangement) कार्यक्रम लागु गर्ने छ । अल्प अवधिका लागि बैंकहरुलाई आवश्यक पूंजी जुटाउन केन्द्रीय बैंकमाथि भर पर्नु पर्ने स्थितिको अन्त्य गरी अन्तर बैंक मुद्रा बजारको थालनी गरिने छ ।

२.३० भारतले नेपालसंग अति सौविध्य प्राप्त मुलुकको आधारमा व्यापार गर्ने आशय व्यक्त गरे अनुरुप नेपालले भारत समक्ष यसको मस्यौदा प्रस्ताव पेश गरेको र तदनुरुप भंसार दरबन्दीमा एक रुपता ल्याएको कुरा माननीय सदस्यहरुमा विदितै छ । यस परिप्रेक्षमा हाम्रो मुद्रा र भारतीय मुद्राको वीच परिवर्त्यतालाई खुला र असीमित राख्नु वांछनीय देखिदैन । तसर्थ भारतीय मुद्रासंगको हालको असीमित परिवर्त्यताको नीति खारेज गरी आजै देखि लागू हुने गरी प्रयोजनको आधारमा मात्र सटही सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ । यसबाट जनजीवनमा कुनै कठिनाई नपर्ने विश्वास लिएको छु ।

२.३१ चालु आर्थिक वर्षमा देशले ठूलो भूकम्पको सामाना गर्नु पर्‍यो र यसबाट निकै धन-जनको क्षति भयो । सम्पूर्ण नेपाली, विदेशी मित्र, पंच, वर्गीय संगठन, सामाजिक संघ संस्था, शाही नेपाली सैनिक र नेपाल प्रहरीको अथक परिश्रम र सहयोगमा पीडित परिवारहरुलाई राहत दिने कार्य सम्पन्न गरियो । भुकम्प क्षेत्र निर्माण तथा पुनर्स्थापन कार्यक्रम अन्तर्गत भूकम्प ग्रस्त जिल्लाका घर परिवारलाई ग्रामीण क्षेत्र, जिल्ला सदरमुकाम र शहरी क्षेत्रमा वर्गीकरण गरी घर पनुर्निमाण गर्न वाणिज्य बैंकहरुबाट ग्रामिण क्षेत्रका प्रत्यके भूकम्प पिडीत घरपरिवारलाई अधिकतम रु.१० हजार, जिल्ला सदरमुकामका प्रत्येक घर परिवारलाई अधिकतम रु.२० हजार र शहरी क्षेत्रका घर परिवारलाई अधिकतम रु.५० हजार ऋण सहयोग उपलब्ध गराई पहिलो रु.५ हजार सम्म ऋणको ब्याज दरमा १८ प्रतिशत रु.१० हजार सम्ममा ९ प्रतिशत र सो भन्दा माथि रु.५० हजार सम्ममा ४ प्रतिशतका दरले ब्याज अनुदान उपलब्ध गराएको कुरा माननीय सदस्यहरुमा विदितै छ । हाल सम्म पूर्वान्चल र मध्यमान्चलका विभिन्न जिल्लाहरुमा क्षति पुगेको बहुसंख्यक घरहरु निर्माण गरिसकिएका छन् र बाँकी घर बनाउने काम चालु छ । यस्ता घर परिवारहरुलाई अनुदान स्वरुप रु.६००।- रकम वा सो बराबरको निर्माण सामग्री दिने व्यवस्थाले गर्दा धेरै जसो घरहरुमा सुधारिएको चुल्हो र किफायती शौचालय निर्माण गरिएका छन् । पुनरुत्थान गर्ने क्रममा आगामी वर्ष पनि पीडित परिवारहरुलाई घर निर्माणका लागि दिइने ऋण कार्यक्रम चालु रहने छ । यसका अतिरिक्त भूकम्प क्षेत्रको सदरमुकाम र बजार क्षेत्रमा नगर योजना बनाउने काम भैराखेको छ । यस बाहेक भूकल्पबाट क्षति ग्रस्त दुई हजार भन्दा बढी विभिन्न तहका विद्यालय भनवहरुको पनुर्निमाणको व्यवस्था मिलाइएको छ ।

२.३२ आगामी वर्षको बजेट तर्जुमा गर्दा श्री ५ को सरकारले कार्यान्वयनमा ल्याएको २२ सूत्रीय आर्थिक कार्यनीतिमा जोड दिए अनुरुप प्रशासनिक खर्च, फर्निचर तथा सवारी साधन खरीद, विदेश भ्रमण र स्वागत समारोह जस्तामा हुने खर्च नियोजित गरी मितव्ययित कायम गरिएको छ। बजेट कटौती गर्दा राष्ट्रिय लगानीमा प्रतिकूल असर नपार्न विशेष

ध्यान दिइएको छ । बजेट तर्जुमा गर्दा आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रम, पुरा हुन लागेका आयोजनाहरु, मर्मत सम्भार कार्यक्रम तथा विकेन्द्रीकरणको सिद्धान्त अनुरुप जिल्लास्तरीय कार्यक्रमलाई प्राथमिता दिइएको छ ।

३

३.१ अब आर्थिक वर्ष २०४४।४५ को यथार्थ आय-व्यय विवरण र चालु आर्थिक वर्ष २०४५।४६को संशोधित आय-व्यय विवरण प्रस्तुत गर्दछु ।

३.२ आर्थिक वर्ष २०४४।४५ मा यथार्थ खर्च साधारण तर्फ रु.४ अरब ६७ करोड ७० लाख र विकास तर्फ रु.९ अरब ४२ करोड ८० लाख हुन गई कूल यथार्थ खर्च रु.१४ अरब १० करोड ५० लाख भएको छ ।

३.३ आर्थिक वर्ष २०४४।४५ मा राजश्व संकलन रु.७ अरब ३५ करोड ४ लाख भएको छ । विदेशी सहायता तर्फ अनुदान रु.२ अरब ७ करोड ६८ लाख र ऋण रु.३ अरब ८१ करोड ५८ लाख प्राप्त भएको छ । आर्थिक वर्ष २०४४।४५ मा बैंकिङ्ग र गैर बैंकिङ्ग क्षेत्रमा गरी कूल आन्तरिक ऋण रु.१ अरब १३ करोड बराबरको उठती गरिएको थियो । यस मध्य आय-व्यय तर्फ हुन गएको न्यून रकम रु.८६ करोड २० लाख खर्च पूर्ति गरी बाँकी रु. २६ करोड ८० लाख नगद मौज्दातमा बृद्धि भएको छ ।

३.४ चालु आर्थिक वर्ष २०४५।४६ मा साधारण तथा विकास गरी रु. १९ अरब ५२ करोड २ लाख खर्च हुने अनुमान गरिएकोमा रु. १५ अरब २६ करोड ७ लाख मात्र खर्च हुने संशोधित अनुमान छ । साधारण तर्फ रु. ६ अरब १५ करोड २१ लाख खर्च हुने अनुमान गरिएकोमा रु. ५ अरब ७६ करोड ५१ लाख खर्च हुने संशोधित अनुमान गरिएको छ । यस्तै विकास तर्फ रु. १३ अरब ३६ करोड ८१ लाख खर्च हुने अनुमान रहेकोमा रु. ९ अरब ४९ करोड ५५ लाख खर्च हुने संशोधित अनुमान छ ।

३.५ चालु आर्थिक वर्ष २०४५।४६ मा राजश्वतर्फ रु.९ अरब ३० करोड संकलन हुने अनुमान रहेकोमा रु. ७ अरब ५४ करोड ७ लाख मात्र प्राप्त हुने संशोधित अनुमान छ । विदेशी सहायता अनुदान अन्तर्गत रु.२ अरब ५९ करोड ४१ लाख उपलब्ध हुने अनुमान गरिएकोमा रु.१ अरब ८१ करोड ७९ लाख प्राप्त हुने संशोधित अनुमान छ । यस्तै विदेशी ऋण रु.६ अरब २९ करोढ ६१ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु.४ अरव १६ संशोधित खर्चको निम्ति नपुग हुन आएको रकम मध्ये रु.१ अरब ३३ करोड आन्तरिक ऋणबाट र रु.४० करोड २७ लाख नगद मौज्दातमा परिवर्तन गरी व्यहोरिने संशोधित अनुमान छ ।

४

४.१ अब म आगामी आर्थिक वर्ष २०४६।४७ को साधारण तथा विकास खर्चको अनुमान विवरण पेश गर्दछु ।

४.२ साधारण खर्च तर्फ आगामी आर्थिक वर्षमा रु.६ अरव ६५ करोड १२ लाख र विकास तर्फ रु.१३ अरब ५९ करोड ८ लाख गरी जम्मा रु. २० अरब २४ करोड २० लाख खर्च हुने अनुमान गरेको छु । यो खर्च चालु वर्षको संशोधित अनुमानको ३२.८ प्रतिशतले बढी छ ।

४.३ साधारण खर्च तर्फ संवैधानिक अंगहरुमा रु. १४ करोड ४४ लाख, प्रशासन तथा योजनामा रु.१ अरब २१ करोड ८६ लाख, न्याय प्रशासनमा रु.९ करोड ९० लाख, वैदेशिक सेवामा रु. १५ करोड ८४ लाख, रक्षामा रु.१ अरब ११ करोड ४० लाख, सामाजिक सेवामा रु.७८ करोड ५१ लाख, आर्थिक सेवामा रु.४५ करोड ५० लाख, ऋण लगानी तथा साँवा ब्याज भुक्तानीमा रु.२ अरब ९ करोड ५६ लाख र विविधमा रु.५८ करोड ११ लाख छुट्याएको छु ।

४.४ साधारण खर्चलाई बान्छित सीमा भित्र राख्न फर्निचर, सवारीको साधन, जग्गा खरिद र भवन निर्माण आदि खर्चहरुको लागि सीमित रकम मात्र विनियोजन गरेको छु । सावा र ब्याज भुक्तानीको रकम बृद्धि भै यो कूल साधारण खर्चको ३१.५ प्रतिशत छ ।

४.५ विकास बजेट तर्फ प्रशासन तथा योजनाको लागि रु.३ करोड ४५ लाख सामाजिक सेवाको लागि रु.४ अरब ३३ करोड ४६ लाख आर्थिक सेवामा रु.८ अरब ५० करोड ६७ लाख, र विविधमा रु. ७१ करोड ५० लाख खर्च गर्ने विनियोजन गरेको छु ।

४.६ आगामी आर्थिक वर्षको विकास कार्यक्रमहरुको लागि खर्च बाँडफाँड गर्दा मुख्यतया मैले निम्न आधारमा रकमको व्यवस्था गरेको छु । आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमहरु ।

- श्री ५ महाराजाधिराज सरकारबाट जनताको माग अनुसार कार्यक्रम कार्यान्वयन गरिदिन बक्स भएको

निर्देशन अनुसार श्री ५ को सरकारले लिएका निर्णयहरुको आधारमा तयार भएका कार्यक्रमहरु ।

- प्राथमिकता प्राप्त आयोजनाहरु ।
- जिल्ला स्तरीय कार्यक्रमहरु ।
- मर्मत, सम्भार तथा पुनर्स्थापन कार्यक्रमहरु।
- २२ सूत्रीय आर्थिक कार्य नीतिले अवलम्वन गरेका कार्यक्रमहरु ।

४.७ आधारभूत आवश्यकता कार्यक्रमहरु संचालन तथा सम्पादनमा सकारात्मक प्रभाव पार्ने किसिमले कार्यक्रम तर्जुमा र बजेट व्यवस्था गर्ने प्रयत्न गरेको छु । अन्य क्षेत्रहरुको बजेट तर्जुमा आधारभूत आवश्यकतालाई सघाउ पुऱ्याउने कार्यक्रमहरु खास गरी रोजगारी एवं आय बृद्धि, उत्पादन सामग्री र उत्पादित वस्तुहरुको ओसार पसारमा शीघ्रताको साथै वितरण प्रणालीमा सुगमता ल्याउनको निम्ति आवश्यक रकम उपलब्ध गराएको छु । आधारभूत आवश्यकतासंग सम्बन्धित सरकारी क्षेत्रहरुको लागि आगामी आर्थिक वर्षमा व्यवस्था भएको कूल विकास रकमको करिव ४० प्रतिशत छ । यस व्यवस्थाबाट निश्चयनै आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमको कार्यान्वयनमा कुनै अवरोध हुने छैन भन्ने विश्वास लिएको छु ।

४.८ श्री ५ महाराजाधिराज सरकारबाट विकास क्षेत्रमा अनौपचारिक भ्रमण गरी बक्सेको अवसरहरुमा यी क्षेत्रका जनताहरुको सामूहिक मांगको आधारमा जिल्ला पंचायतहरुले सिफारिस गरेको सिंचाई, खानेपानी, बाटो तथा पुल जस्ता आयोजनाहरु कार्यान्वयनको लागि मौसूफ सरकारबाट संभाव्य आयोजनाहरु कार्यान्वयन गरी दिन श्री ५ को सरकारलाई निर्देशन बक्स भए अनुरुप श्री ५ को सरकारले समयबद्ध रुपमा कार्यान्वयन गर्न निर्णय गरेका कार्यक्रमहरुलाई आगामी आर्थिक वर्ष रु.१ अरब ९७ करोड छुट्याएको छु । यो रकम कूल विकास बजेटको १४.५ प्रतिशत छ ।

४.९ विभिन्न विकास आयोजनाहरुको छनौट तथा बजेट निर्धारण गर्न विगत वर्षहरु देखि कार्यक्रम बजेट प्रणालीको प्रयोगले कार्यक्रमहरुका लागि छुट्याइने लगानीको स्तर निर्धारण गर्नमा ठूलो सघाउ पुगेको छ । यसबाट अल्प एवं दीर्घकालीन उद्देश्यहरु परिपूर्ति गर्ने प्रभावकारी कार्यक्रमहरुको छनौट र लगानी स्तर कायम राख्न मद्दत पुगेको महशुस गरेको छु ।

४.१० विकेन्द्रीकरणलाई प्रभावकारी रुपबाट संचालन गर्दै लाने श्री ५ को सरकारको नीति अनुरुप यस्तो कठिन आर्थिक परिस्थितिमा पनि जिल्ला स्तरीय कार्यक्रमहरुको निम्ति चालु आर्थिक वर्षको विनियोजित रकमको दाँजोमा १७.७ प्रतिशतले रकममा बृद्धि गरेको छु । यी कार्यक्रमहरुको लागि रु.३ अरब १९ करोड ८ लाख प्रस्ताव गरेको छु । यी कार्यक्रमहरुको लागि रु. ३ अरब १९ करोड ८ लाख प्रस्ताव गरेको छु । यो विकास बजेटको २३.५ प्रतिशत छ ।

४.११ कृषि तर्फ खाद्यान्न, दूध, तरकारी, फलफूल, माछा मासु, उत्पादनका लागि विशेष कार्यक्रम संचालन गरिने छ । गरिबीको रेखा मुनिका जनताको जीवन स्तर उठाउन निकै उपयोगी भएको साना किसान आयोजना कार्यक्रमलाई विस्तार गरिने छ । यस कार्यक्रमबाट आगामी आर्थिक वर्षको अन्त सम्ममा १ लाख २५ हजार साना किसान परिवारलाई फाइदा पुग्न जाने छ । त्यस्तै सुदूर पश्चिमान्चल विकास क्षेत्रमा थप रोजगारीका अवसर प्रदान गर्न विशेष कार्यक्रम तर्जुमा गरिएको  छ । आगामी वर्ष यो कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्न रु.९० लाख छुट्याएको छु । साझा संस्थाहरुलाई सुदृढ गरी अत्यावश्यक वस्तुहरुको आपूर्ति, उत्पादन तथा वितरण प्रक्रियामा सहभागी बनाउंदै लगिने छ । यो कार्यक्रमको लागि रु.१ करोड ८८ लाख व्यवस्था गरेको छु । कृषि कार्यक्रमहरु मध्ये उत्पादनमूलक कृषि अनुसन्धानमा रु.१२ करोड ६६ लाख, कृषि प्रसारमा रु.३३ करोड ६४ लाख, पशु विकास तथा पशु स्वास्थ्यमा रु.२० करोड ७९ लाखको बजेट प्रस्ताव राखेको छु । मलखादको मूल्य तथा परिवहन अनुदानको निमित्त रु.२६ करोड ४८ लाख, र ब्याज अनुदान रु.२ करोड ५५ लाख रकमको व्यवस्था गरेको छु । कृषि क्षेत्रका कार्यक्रमहरुको लागि कूल रु.१ अरब ३८ करोड २० लाख खर्च गर्ने प्रस्ताव राखेको छु ।

४.१२ बचतकर्ताबाट संकलन गरिएको अनिवार्य बचतको सावाँ ब्याज फिर्ता दिने कार्य निर्धारित समयमा सम्पन्न गर्न आगामी वर्ष पनि बचत फिर्ता दिने व्यवस्था गरिएको छ । भूमिसुधार कार्यक्रमहरु मध्ये कित्ता नापी कार्यहरुको लागि रु.६ करोड ९७ लाख समेत गरी जम्मा रु. ११ करोड ३३ लाख छुट्याएको छु ।

४.१३ सिंचाई कार्यक्रमको निम्ति रु.१ अरब ३५ करोड १६ लाख बजेट छुट्याएको छु । ठूला सिंचाई आयोजनाहरुको लागि रु.६५ करोड ९४ लाख, साना सिंचाई आयोजनाहरुको लागि रु.३४ करोड २२ लाख, भूमिगत जल सिंचाई कार्यक्रमको लागि रु.५ करोड ८६ लाख, मर्मत संभारको लागि रु.७ करोड ७५ लाख, जनसहभागिताबाट संचालन हुने सिंचाई कार्यक्रमको लागि रु.११ करोड ९८ लाख, सिंचाइ अनुदानको लागि रु.३ करोड ६४ लाख तथा नदी नियन्त्रण कार्यहरुको निम्ति रु.५ करोड ७६ लाखको व्यवस्था गरेको छु ।

४.१४ वन क्षेत्र सुदृढीकरण गर्ने दीर्घकालीन योजनाको उद्देश्य अनुसार आगामी आर्थिक वर्षमा आवश्यक सुधार गर्न वन सम्बन्धि कार्यक्रमहरुमा केही हेरफेर गरिएको छ । सामुदायिक वन विकास जस्ता वृक्षारोपाण कार्यक्रमहरुको निम्ति रु.२० करोड ९ लाख छुट्याएको छ । वन प्रशासनको निम्ति रु.२२ करोड ७९ लाख र वातावरण संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमहरुको लागि रु.६ करोड ६२ लाख व्यवस्था गरेको छ । वन क्षेत्रको निमित्त जम्मा रु.६३ करोड ८५ लाख खर्च गर्न प्रस्तावन गरेको छ ।

४.१५ उद्योग क्षेत्रमा देखिएको गतिलाई शिथिल हुन नदिन विशेष ध्यान दिइएको छ । तयारी पोशाक, हाते कागज र गलैंचा जस्ता उद्योगहरुमा काम गर्ने मजदुरहरुलाई शीप विकास तालिम, उद्यमीहरुको निम्ति प्राविधिक सेवा, ऋण र बजार व्यवस्थाको प्रवन्ध मिलाई घरेलु तथा ग्रामीण उद्योगहरुको विकास गर्ने पक्षमा जोड दिइएको छ । घरेलु उद्योगको निम्ति रु.६ करोड १९ लाख राखेको छु । ठूला उद्योग तर्फ उदयपुर सिमेण्ट कारखाना कार्यान्वयन समयमा सम्पन्न गर्न २९ करोड ५० लाख व्यवस्था गरेको छु र अन्य ठूला उद्योगहरुमा पूँजी लगानीको निम्ति रु.१४ करोड ७५ लाख छुट्याएको छु । औषधी उत्पादनमा बढी जोड दिन रु.२ करोडको व्यवस्था गरेको छु । केही उद्योगहरुको क्षमता विस्तार गर्ने कार्यक्रम पनि राखिएको छ । खनिज क्षेत्रको विकासको लागि रु.५ करोड ७३ लाखको व्यवस्था गरेको छु । यसरी उद्योग क्षेत्रमा रु.७८ करोड ९१ लाख व्यवस्था गरेको छु ।

४.१६ चालु आर्थिक वर्ष देखि अधिराज्यका २१ जिल्लाहरुमा शुरु गरेको अगुवा बैंकयोजनालाई आगामी आर्थिक वर्षमा थप ९ जिल्लामा लागु गरिने छ । योजना संचालन हुने जिल्लाहरुमा कृषक, उद्यमी, व्यावसायीहरुको उत्पादन र आम्दानी बृद्धिमा सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु ।

४.१७ विद्युत शक्तिको महत्वलाई ध्यानमा राखी मर्स्याङदी र आँधी खोला जलविद्युत आयोजना आगामी वर्षमा सम्पन्न गर्ने व्यवस्था गरिएको छ । झिमरुक र अरुण तेश्रो आयोजनाहरु सम्बन्धी कार्यको प्रारम्भिक थालनीको लागि रकम छुट्याइएको छ । विद्युत कार्यक्रम मध्ये उत्पादन तर्फ रु.४६ करोड ४१ लाख, प्रसारण लाइन र विद्युतीकरण तर्फ रु.३८ करोड ६० लाख छुट्याएको छु । आगामी वर्ष विद्युत क्षेत्रमा रु.१ अरव १२ करोड ४९ लाख विनियोजन गरेको छु ।

४.१८ देशको भौगोलिक परिस्थिति र आन्तरिक आवागमनको आवश्यकतालाई ध्यानमा राखि सडक र हवाई यातायात क्षेत्रका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरु समयमै सम्पन्न गर्न आगामी वर्ष विशेष जोड दिइएको छ । महेन्द्र राजमार्गको बाँकी खण्डको निर्माणको लागि रु.२५ करोड ९९ लाख र सहायक मार्गहरुको निर्माण कार्य सम्पन्न गर्ने कार्यमा रु.४३ करोड ११ लाख व्यवस्था गरेको छु । सुदूर पश्चिमाञ्चलको डंडेल्धुरा-दार्चुला र पूर्वाञ्चलको इलाम-ताप्लेजुङ राजमार्गको निर्माण कार्यको लागि रु.१४ करोड ९७ लाख छुट्याएको छु । देशमा विद्युतबाट चल्ने ट्रली बस सेवा संभाव्यता अध्ययनको लागि रकमको व्यवस्था गरेको छु । राजमार्ग एवं मुख्य मुख्य मार्गहरु र रोपवे समेतको मर्मत सम्भार तथा नवीकरण कार्यलाई प्राथमिकता दिइएको छ । यसको लागि रु.६६ करोड ५५ लाख राखेको छु । हवाई उड्डयनलाई बढी भरपर्दो बनाउन विमानस्थलहरुमा संचार उपकरणहरुका साधनहरुबाट सुविधायुक्त बनाउने तर्फ जोड दिइएको छ । यातायात क्षेत्रमा रु.२ अरब ६६ करोड ८६ लाखको कूल बजेट विनियोजन गरेको छु ।

४.१९ संचार तर्फ आगामी वर्ष थप ६ नगर पंचायतमा स्थानीय टेलिफोन सेवा उपलब्ध गराइने छ । हुलाक तर्फ इलाका हुलाक थप ३० र गाउँ पंचायत हुलाक थप १६५ स्थापना गरिने छ । यी कार्यक्रमहरुको लागि रु.१२ करोड ४३ लाख व्यवस्था गरेको छु । रेडियो नेपालको धरान र बर्दीवास तथा नेपाल टेलिभिजनको विराटनगरमा प्रसारण विस्तार र सुधार गर्ने कार्यको निम्ति रु.१४ करोड ९९ लाख छुट्याएको छु ।

४.२० शिक्षा क्षेत्र तर्फ आधारभूत आवश्यकतासंग सम्बन्धित प्राथमिक शिक्षा लाई निर्धारित कार्यक्रम बमोजिम बजेटको व्यवस्था गरिएको छ । साथै प्राविधिक शिक्षा तर्फ पनि आवश्यक रकम राखिएको छ । शिक्षा क्षेत्रको बजेट बांड फांड यस प्रकार छ । प्राथमिक शिक्षामा रु.९१ करोड ९७ लाख, उच्च शिक्षामा रु.२१ करोड ७५ लाख र प्राविधिक नया व्यवहारिक शिक्षामा रु.३२ करोड ५० लाख गरी शिक्षामा कुल रु.१ अरब ७३ करोड ६१ लाख छुट्याइएको छ ।

४.२१ स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक कार्यक्रम, प्राथमिक उपचार औषधि र स्वास्थ्य उपकरणको आपूर्ति जस्ता जनस्वास्थ्य कार्यक्रमहरु तथा परिवार नियोजन एवं जनसंख्या बृद्धि नियन्त्रण गर्ने कार्यक्रमहरु एकीकृत रुपमा संचालन गर्न रु.४८ करोड व्यवस्था गरेको छु । स्वास्थ्य क्षेत्रमा कार्यक्रमहरुको निम्ति रु. ६१ करोड ४९ लाख कुल खर्च हुने अनुमान गरेको छु ।

४.२२ खानेपानी तर्फ सम्पन्न आयोजनाहरु उपभोक्ता समुहबाट नै संचालनका लागि हस्तान्तरण गर्दै लगिने छ । यस व्यवस्थाबाट आयोजना प्रति उपभोक्ता समूहले आयोजनाहरुको सम्बर्द्धन, सुधार तथा मर्मत तर्फ विशेष ध्यान दिने विश्वास लिइएको छ । उपभोक्ता समुहले निर्माण खर्चको केही हिस्सा व्यहोर्ने गरी जन सहभागिताको आधारमा खानेपानी तथा ढल कार्यक्रमको कार्यान्वियन गर्न रु.७५ लाख रकम छुट्याएको छु । शहरी क्षेत्रको खानेपानी आपूर्ति

बढी नियमित पार्न र गुणस्तर सुधार्न आगामी वर्ष रु.५ करोड ११ लाख र ग्रामिण क्षेत्रमा रु.५६ करोड ५९ लाखको व्यवस्था गरेको छु । ढल निकास कार्यको लागि रु.४ करोड ३९ लाखको व्यवस्था गरेको छु । खाने पानी तथा ढल निकास कार्यक्रमको लागि रु.६६ करोड ९ लाख प्रस्ताव राखेको छु ।

४.२३ आवास कार्यक्रममा खास गरी ग्रामिण र शहरी क्षेत्रका आवासहरुलाई योजनाबद्ध विकास गर्न रु.४ करोड ३८ लाख, भूकम्पबाट भएको क्षतिको मर्मत तथा जिर्णोद्धार कार्यको निम्ति रु.४८ करोड व्यवस्था गरेको छु । जसमध्ये भूकम्पबाट क्षतिग्रस्त भएका पूर्वाञ्चल तथा मध्यमाञ्चल क्षेत्रका करिव २ हजार विद्यालयहरुको पुनर्निमाण तथा मर्मत संभारको लागि रु.१३ करोड ५५ लाख व्यवस्था गरेको छु । आवास सुधार कार्यक्रम अन्तर्गत २१ हजार परिवारलाई सुधारिएको चुल्हो तथा सुलभ शौचालय बनाउन रु.१ करोड २६ लाख अनुदान दिने व्यवस्था गरेको छु । आवास कार्यक्रम जम्मा रु. ५१ करोड ५५ लाख छुट्याएको छ ।

४.२४ आर्थिक विकेन्द्रीकरणलाई अगाडी बढाउँदै लाने नीति अनुरुप जिल्ला स्तरीय कार्यक्रमको क्षेत्र फराकिलो पारिएको र रकम विनियोजनमा प्राथमिकता दिइएको छ । हिमाली तथा दुर्गम क्षेत्र विकास कार्यक्रम, महिला विकास कार्यक्रम, पिछडिएका वर्गहरुको विकास र एकीकृत ग्रामिण विकास कार्यक्रममा दिँदै आएको जोड आगामी वर्ष पनि कायम राखिएको छ । जिल्ला पंचायत सचिवालय र जिल्ला स्तरीय कार्यालयहरुको कार्यक्रम कार्यान्वयनको अनुगमन तर्फ विशेष ध्यान दिइने छ । स्थानीय पंचायतका निकायहरुलाई जाने अनुदान रकममा बृद्धि गरिएको छ । पंचायत क्षेत्रमा रु.५२ करोड १७ लाखको व्यवस्था गरेको छु ।

४.२५ विदेशी मुद्रा आर्जन तथा रोजगारीका अवसरहरु सृजना गर्ने तर्फ अग्रणी भूमिका खेल्ने पर्यटन क्षेत्रको समुचित सम्वर्द्धन तथा विकास तर्फ विशेष ध्यान दिइएको छ । पर्यटन प्रवर्द्धन कार्यमा प्रभावकारिता ल्याउन सरकारी तथा गैर सरकारी संस्था वा निजी व्यवसायिहरुको सहभागिता गराई पर्यटन प्रवर्द्धन कार्यमा प्रभावकारिता ल्याउन सरकारी तथा गैर सरकारी संस्था वा निजी व्यवसायिहरुको सहभागिता गराई पर्यटन प्रवर्द्धन कार्यक्रमहरु संचालन गर्ने तर्फ जोड दिइने छ । आगामी वर्ष यस्तो कार्यको लागि नियमित कार्यक्रम बाहेक प्रवर्द्धनको लागि प्रवर्द्धन कोषमा रु.२५ लाख व्यवस्था गरिएको छ । पर्यटन क्षेत्रको लागि रु. २ करोड ७ लाख छुट्याएको छु ।

४.२६ सामाजिक सेवाको क्षेत्रमा केही वर्ष यता देखि उत्साहवर्धक प्रगति भएको छ । सामाजिक संघसंस्थाहरुले विभिन्न उत्पादनशील क्षेत्रमा पनि योगदान पुऱ्याएका छन् । गैह्र सरकारी संघ संस्थाहरुको उत्साह, जाँगर र शीपलाई देश विकासमा समेट्दै लाने उद्देश्यले आगामी वर्षमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को लागि रु.२ करोड ६६ लाख समेत गरी जम्मा रु. ४ करोड १६ लाख व्यवस्था गरेको छु ।

४.२७ प्रस्तावित विकास बजेट मध्ये केन्द्र स्तरबाट संचालन हुने कार्यक्रमहरुमा कूल रु.१०अरब ४० करोड र जिल्ला स्तरीय कार्यक्रमको लागि रु.३ अरब १९ करोड ८ लाख विनियोजित छ ।

४.२८ यसरी साधारण र विकास खर्च गरि जम्मा रु.२० अरब २४ करोड २० लाख मध्ये राजश्वको वर्तमान श्रोतबाट रु.८ अरब र वैदेशिक ऋण तथा सहायता अनुदान गरि जम्मा रु.९ अरव ९९ करोड २० लाख व्यहोर्ने भई बाँकी रु.२ अरब २५ करोड न्यून रहने छ ।

## ५

**अध्यक्ष महोदय,**

५.१ अब म आगामी वर्षको लागि राजस्व सम्बन्धी प्रस्तावहरु पेश गर्दछु ।

५.२ राजस्व सम्बन्धी प्रस्तावहरु तर्जुमा गर्दा राजस्व परिचालनको साथै कृषि र उद्योग क्षेत्रमा उत्पादन बृद्धि गर्न चाहिने अनुकूल वातावरणको सृजना गर्न, उपभोग्य वस्तुहरु, औद्योगिक कच्चा पदार्थ, विकास तथा निर्माण सामग्रीहरुको नियमित आपूर्ति व्यवस्था गर्न र स्वदेशमा उपलब्ध साधनहरु बढी उत्पादनशील क्षेत्रमा प्रवाहित गर्न विशोष ध्यान दिएको छु । यसका साथै माननीय सदस्यहरुले समय समयमा व्यक्त गर्नु भएको मन्तव्य, केन्द्रीय ट्यारिफबोर्डको सिफारिसहरु र अर्थविद्हरुबाट प्राप्त सुझावहरुलाई पनि ध्यान दिएको छु ।

५.३ आगामी वर्ष राजस्व परिचालनमा विगतमा हासिल गरिएका उपलब्धि कायम राख्न नसकिने कुरा व्यक्त गरिसकेको छु । तर बढ्दै गइरहेको खर्चको परिप्रेक्षमा राजस्व संकलन गर्ने हाम्रो प्रयासहरुमा कमी ल्याउनु वाञ्छनिय नभएकोले आर्थिक गतिविधिहरुमा प्रतिकूल प्रभाव नपारी राजस्व बढाउने प्रयास गरेको छु । यस क्रममा राजस्व सम्बन्धी प्रस्ताव गर्दा नयाँ कर प्रस्ताव गर्नको साथै प्रशासननिक र प्रक्रियागत सुधारबाट राजस्व उठाउने दृष्टिकोण राखेको छु । यी प्रयासहरुबाट आगामी वर्ष रु.५० करोड थप राजस्व संकलन गर्ने लक्ष्य राखिएको छ ।

५.४ राजस्व प्रशासनमा कार्यकुलता बृद्धि गर्न, राजस्व संकलन कार्य बढी प्रभावकारी तुल्याउन तथा दक्ष र प्रशिक्षित कर्मचारीहरुको सेवा उपलब्ध भइरहने स्थिति कायम गर्न एवं राजस्व सेवामा प्रवेश गर्न निश्चित आधार तयार गरी आगामी वर्षको सुरु देखि नै त्यसको पूर्ण रुपमा अवलम्वन गरिने व्यवस्था गरिएको छ ।

५.५ अब म पहिले प्रत्यक्ष कर सम्बन्धी प्रस्तावहरु पेश गर्दछु ।

५.६ नेपाल अधिराज्यमा हवाई यातायत सेवा संचालन नगरी कार्यालय मात्र स्थापना गरी कारोवार गर्ने विदेशी हवाई कम्पनीहरुलाई उनीहरुले अधिराज्यमा गरेको कुल कारोवार रकमको २ प्रतिशतका दरले आयकर लगाई आएकोमा आगामी वर्ष देखि ३ प्रतिशतका दरले आयकर लगाइने छ । यस परिवर्तनबाट थप रु.५० लाख प्राप्त हुने अनुमान छ । आयकर तर्फका अन्य सवै व्यवस्था आगामी आर्थिक वर्ष पनि यथावत् कायम राखेको छु ।

५.७ मालपोत तर्फका सबै व्यवस्था आगामी आर्थिक वर्ष यथावत् नै राखेको छु ।

५.८ रजिष्ट्रेशन सम्बन्धी प्रचलित दरहरुलाई आगामी आर्थिक वर्षमा पनि यथावत् कायम राखेको छु ।

५.९ अन्य सबै प्रत्यक्ष करहरु याथावत् कायम गरेको छु ।

५.१० अब म अप्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.११ सिनेमाहलहरुबाट मनोरञ्जनकरको रुपमा राजस्व असुल गर्ने गरिएको तर भिडियो प्रदर्शनमा हालसम्म कर लाग्ने व्यवस्था नभएकोले आगामी आर्थिक वर्ष देखि स्वीकृति प्राप्त गरी व्यापारिक रुपमा सार्वजनिक प्रदर्शन गरिने भिडियो प्रदर्शनको प्रवेश टिकटको मूल्यमा १०० प्रतिशत मनोरञ्जन कर लगाईने छ । तर यस प्रकार प्रदर्शन गरिएको नेपाली टेलिफिल्म वा नेपाली भिडियो फिल्मको प्रदर्शनमा लागेको मनोरञ्जनकरको दुई तिहाई अनुदान स्वरुप फिर्ता दिइने छ ।

५.१२ नेपाली भाषामा चलचित्र निर्माण गर्ने निर्माताहरुलाई यस्ता चलचित्र प्रदर्शनबाट उठेको मनोरञ्जन करको ५० प्रतिशत अनुदान स्वरुप दिइएबाट नेपाली चलचित्र निर्माणमा परेको सकारात्मक प्रभावलाई दृष्टिगत गरी आगामी आर्थिक वर्ष देखि उठेको मनोरञ्जन करको दुइतिहाई नेपाली भाषाका चलचित्र निर्माताहरुलाई अनुदान दिइने छ । यस व्यवस्थाबाट बढी नेपाली चलचित्रहरुको निर्माण भई सिनेमाहलहरुमा प्रदर्शन हुन जाने हुँदा राजस्वमा खास असर पर्न जाने छैन भन्ने आशा राखेको छु ।

५.१३ अन्तर्राष्ट्रिय हवाइ उडानमा हाल प्रति यात्रु रु.२००।- का दरले हवाई उडानकर लगाई आएकोमा आगामी आर्थिक वर्ष देखि प्रति यात्रु रु.३००।- का दरले हवाई उडान कर लगाइने छ । यस परिवर्तनबाट रु. ३ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.१४ हवाइ उडान कर सम्बन्धी अन्य व्यवस्था यथावत् कायम गरिएको छ ।

५.१५ अब म आजै देखि लागू हुने गरी भन्सार महसुल दर सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.१६ हालसम्म उद्योगहरुले पैठारी गर्ने मेशिनरी, कच्चा पदार्थ, औषधि, कम्प्युटर, वैज्ञानिक प्रयोगशाला सम्बन्धी उपकरण, कृषि औजार तथा कीटनाशक औषधि, कच्चा ऊन, शिशु आहार तथा धूलो दूध, साइकल, रिक्सा, धाराको सामान, विजुलीका सामान, लुब्रिकेन्टस्, वस, ट्रक र सो को च्यासीस, हाते ज्यावल, ट्याक्टर जस्ता जम्मा ४२ किसिमका वस्तुहरुमा अतिरिक्त भन्सार महसुल पूर्ण छुट दिइएकोमा आगामी वर्ष स्टोभ, प्रेशर कुकर, कोइला, खानेपानीको लागि प्रयोग हुने ट्यूबवेलपम्प, चिनी, टाइपराइटररसो को पार्टस्, कम्प्यूटरपार्टस्, लगायत जम्मा ७२ किसिमका वस्तुहरुको पैठारीमा लाग्ने अतिरिक्त भन्सार महसुल पूर्ण छुट दिएको छु । उल्लेखित वस्तुहरु वाहेक अन्य वस्तुहरुमा अतिरिक्त भन्सार महसुल आर्थिक ऐन, २०४५ बमोजिम लाग्ने छ । उपर्युक्त परिवर्तन बाट रु.१५ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.१७ अतिरिक्त भन्सार महसुल पूर्ण छुट भएका वस्तुहरु स्वदेशमानै उत्पादन गर्दा पैठारी गरिने कच्चा पदार्थमा पनि अतिरिक्त भन्सार महसुल पूर्ण रुपले छुट दिइने छ ।

५.१८ पर्यटन प्रवर्द्धनको लागि स्वीकृति प्राप्त गरी विदेशमा छपाई ल्याएको स्तरयुक्त प्रचार सामग्रीको छपाई खर्चमा लाग्ने भन्सार महसुल पूर्णरुपमा छुट दिइएको छु ।

५.१९ वैकल्पिक उर्जा विकासको निमित्त प्रोत्साहन गर्न शौर्य शक्ति, गोबर ग्यास लगायतका बायोग्यांसका लागि आवश्यक पर्ने उपकरणहरु र त्यसका पार्ट पूर्जाहरुको पैठारीमा लाग्ने भन्सार महसुल तथा विक्रिकर पूर्ण रुपमा छुट दिएको छु ।

५.२० कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शीतभण्डारहरुको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरुको पैठारीमा लाग्ने भन्सार महसुल तथा विक्रि कर पूर्ण रुपमा छुट दिएको छु ।

५.२१ ट्रलीबस सेवा संचालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र उपकरण,यातायातको साधन तथा पार्टपूर्जाहरुको पैठारीमा भन्सार महसुल तथा बिक्रि कर पूर्ण छुट दिएको छु ।

५.२२ अधिराज्यमा स्वीकृति प्राप्त स्तरीय अस्पताल संचालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरुमा भन्सार महसुल तथा विक्रि कर पूर्ण रुपमा छुट दिएको छु ।

५.२३ बिलेट उत्पादन गर्ने उद्योगले पैठारी गर्ने कच्चा पदार्थको पैठारीमा लाग्ने भन्सार महसूलको ५० प्रतिशत छुट दिएको छु ।

५.२४ तयारी पोशाक उद्योगले बण्डेड वेयर हाउसको व्यवस्था अन्तर्गत पैठारी गर्ने रेयन कपडाको बैंक ग्यारेण्टी रकम जमानत लिंदा १० प्रतिशत मात्र भंसार महसुल वापतको रकमको बैंक ग्यारेण्टी लिइने छ ।

५.२५ आधारभूत आवश्यकता परिपूर्ति गर्ने हाम्रो लक्ष्य अनुरुप कृषि क्षेत्रमा आत्म निर्भर हुनको लागि कृषि उत्पादनमा बृद्धि गर्नु पर्ने तथ्य निर्विवाद छ । तर कृषि उत्पादनमा बृद्धि गर्न कृषकहरुले उत्पादन गरेको वस्तुहरुको बजार संरक्षण दिन आवश्यक भएकोले कृषि जन्य वस्तुहरु, जीवित जीव जन्तु तथा खाद्य पदार्थहरुको पैठारीमा साधारण भन्सार महसुल लगाउने व्यवस्था गरेको छु । यसबाट कृषकहरुले बजारको संरक्षण पाई उत्पादन बृद्धि गर्न सघाउ पुग्न जानेछ भन्ने विश्वास लिएको छु । यसबाट रु.७ करोड थप राजस्व संकलन हुने छ ।

५.२६ निर्यात व्यापारमा विविधीकरण ल्याई निर्यात बढाउन नगद अनुदान दिने व्यवस्था गरिएको कुरा माथि उल्लेख गरिसकेको छु । निर्यातलाई अझ बढी प्रोत्साहन गर्न निर्यात भंसार महसुललाई घटाई ०.५ प्रतिशत मात्र लगाउने व्यवस्था गरेको छु । यसबाट निकासी व्यापारमा बृद्धि हुन गई राजस्वमा खास फरक नपर्ने आशा राखेको छु ।

५.२७ ढुङ्गा, बालुवा र काठको निकासीबाट प्राकृतिक तथा वातावरणीय सन्तुलनमा प्रतिकूल असर पर्ने हुँदा यस्ता वस्तुहरुको निकासीलाई निरुत्साहित गर्न हाल लागी आएको भंसार महसुल बृद्धि गरेको छु ।

५.२८ भंसार दरवन्दीमा गरिएको उपरोक्त परिवर्तनहरुबाट रु.२२ करोड र प्रशासनिक सुधारबाट थप रु.३ करोड संकलन हुने अनुमान छ । संशोधित दरहरु अनुसूची १ मा दिएको छु ।

५.२९ उल्लिखित परिवर्तनहरु बाहेक पैठारीमा लाग्ने भंसार महसुल दर यथावत् कायम

५.३० अन्तः शुल्क तर्फ कपडा उद्योगलाई प्रोत्साहन गर्ने उद्देश्यले कपडा उद्योगको उत्पादनमा लाग्ने अन्तः शुल्कमा हाल दिई आएको छुट आगामी आर्थिक वर्षमा पनि यथावत् कायम राखेको छु ।

५.३१ राजस्व संकलन प्रक्रिया क्रमशः सरल गर्दै लैजाने उद्देश्यले आजैदेखि लागु हुने गरी चिनी, खाँडसारी, सबै किसिमका खाद्य वनस्पति घ्यू र खाद्य प्रशोधित तेल र सिमेण्टमा हाल २ किसिमबाट लगाई आएको अन्तः शुल्क दरलाई आजैदेखि मोल प्रतिशतमा लगाउने व्यवस्था गरेको छु ।

५.३२ धुम्रपानबाट स्वास्थ्यमा पर्ने नकारात्मक असरलाई दृष्टिगत गरी सबै किसिमको चुरोट र विडीमा लाग्ने अन्तः शुल्कको दरलाई आजैदेखि लागु हुने गरी केही बढाएको छु । साथै उच्चकोटीको मदिरामा लाग्ने अन्तः शुल्कको दर पनि केहीबृद्धि गरेको छु । यस परिवर्तनबाट रु.३ करोड ५५ लाख थप संकलन हुने अनुमान छ ।

५.३३ टेलिभिजन उद्योगले उत्पादन गर्ने रंगीन तथा साधारण चित्र (श्यामश्वेत) देखिने टेलिभिजनमा आजैदेखि लागु हुने गरी अन्तः शुल्क दरहरु कायम गरेको छु । यसबाट रु.२५ लाख राजस्व संकलन हुने अनुमान छ ।

५.३४ अन्तः शुल्कमा गरिएको उपरोक्त परिवर्नत बाहेक प्रशासनिक सुधारबाट थप रु. ६ करोड २० लाख राजस्व संकलन हुने अनुमान छ । परिवर्तित अन्तः शुल्क दरवन्दी अनुसूचि २ मा दिइएको छ । अन्तः शुल्क सम्बन्धी अन्य व्यवस्था यथावत् कायम गरिएको छ ।

५.३५ विक्रिकर लाग्ने वस्तुहरुको दरवन्दीमा सामञ्जस्य कायम राख्न केही वस्तुहरुमा लाग्ने विक्रिकर दरवन्दीमा हेरफेर गरेको छु, साथै सुख्खा फलफूल, सुपारी, पानमसला, खेल्ने तास जस्ता वस्तुहरुमा लाग्ने विक्रिकरको दर केही बढाएको छु । यी दरहरु आजै देखि लागू हुनेछन् । संशोधित विक्रिकरका दरहरु अनुसूची ३ मा दिइएको छ । विक्रिकरमा गरिएको उपर्युक्त परिवर्तनबाट रु. ३ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.३६ उल्लिखित परिवर्तनहरु बाहेक विक्रिकर सम्बन्धी अन्य व्यवस्था यथावत् कायम राखेको छु । कर तर्फ प्रशासनिक सुधारबाट रु. ८ करोड थप राजस्व संकलन हुने अनुमान छ ।

५.३७ मैले आर्थिक वर्ष २०४६।४७ को आय व्यय विवरण पेश गर्दा जम्मा रु.२ अरब २५ करोड न्यून हुने उल्लेख गरेको थिएँ । त्यस मध्ये प्रशासकीय सुधारबाट रु.१७ करोड २० लाख तथा कर परिवर्तनबाट रु.३२ करोड ८० लाख गरी कूल रु.५० करोड प्राप्त हुने भई रु.१ अरब ७५ करोड न्यून हुन जाने अनुमान छ । यसलाई ग्रैह्र बैकिङ क्षेत्रबाट रु.६० करोड र बैंकिङ्ग क्षेत्रबाट रु.१ अरब १५ करोड गरी जम्मा रु.१ अरब ७५ करोड आन्तरिक ऋण उठाई पूर्ति गरिने छ ।

६

६.१ प्रस्तुत बजेट नेपाल भारत व्यापार तथा पारवहन सम्बन्धमा अकस्मात आई परेको गतिरोधबाट आर्थिक क्षेत्रमा परेका समस्या र त्यसबाट उत्पन्न प्रतिकूल प्रभाव न्यूनतम पार्दै आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रमलाई अगाडी बढाउने, आर्थिक गतिविधि र विकासको गतिलाई सामान्य तुल्याउने, मूल्य बृद्धिको चापलाई न्यून गर्ने आपूर्ति र वितरण व्यवस्थालाई सुसंचालन गरी जनतालाई रात दिने र वित्तीय क्षेत्रको विकास गरी बढी साधन र स्रोत परिचालन गर्ने लक्ष्य तर्फ उत्प्रेरित छ ।

६.२ देशलाई आइपरेको वर्तमान संकट पार गर्न श्री ५ को सरकारको प्रयासले मात्र संभव छैन । आज राष्ट्रिय जीवनको हरेक क्षेत्रमा संकीर्ण सीमित स्वार्थ-परक सोचाईबाट माथि उठेर सृजनशील चिन्तन शैलीको नयाँ लहर देखा परेको छ । यसबाट आत्मनिर्भर र देश विकासको भावनाको नवजागरणको सूत्रपात भएको छ । हरेक स्वाभिमानी नेपालीको निमित्त यो गौरवको कुरा हो र यसबाट श्री ५ को सरकारलाई ठूलो प्रेरणा तथा हौसला मिलेको छ । दैनिक जीवन यापनमा पर्न आएको कठिनाई तथा असुविधालाई बिलकुल पर्वाह नगरी यसरी एकजुट भई उठ्नु नेपाली जनताको देश, नरेश तथा व्यवस्था प्रतिको अगाध प्रेम तथा भक्ति हो । यो राजनैतिक सुझबुझको द्योतक पनि हो । यस्तो जन सहयोग प्राप्त भएको परिप्रेक्षमा वर्तमान अप्ठेरा सफलतापूर्वक पार गर्न प्रस्तावित बजेट तथा कार्यक्रमले अपेक्षित सघाउ पुऱ्याउने छ भन्ने विश्वास लिएको छु ।

६.३ भारतसंगको विद्यमान व्यापार तथा पारवहन गतिरोधबाट तत्कालको लागि मुलुकको विकास प्रयासमा प्रतिकूल असर नपरेको होइन तापनि यसले हाम्रो राष्ट्रिय स्वाभिमान र स्वतन्त्रता जगेर्ना गर्न ज्ञानको नयाँ क्षितिज खोलेको छ । यसबाट मुख्यत हामीले हाम्रो आवश्यकता अनुरुप स्वतन्त्र आर्थिक नीति अपनाउन सकिने हुनाले राष्ट्रले निर्माणको लागि दीर्घकालीन वैकल्पिक संभावना पहिल्याउन अरु सघाउ पुग्ने कुरामा म विश्वस्त छु ।

६.४ हाम्रो विकास प्रयासमा विदेशी सहायताले महत्वपूर्ण भूमिका खेल्दै आएको कुरा मैले यहाँ भनिराख्नु पर्दैन । यस वर्ष फ्रान्सको राजधानी पेरिसमा भएको नेपाल सहायता समूहको बैठकमा सदस्य राष्ट्रहरुले अर्थतन्त्रमा देखिएको सकारात्मक प्रगतिबाट प्रभावित भई श्री ५ को सरकारको आर्थिक क्रियाकलाप, समायोजनको कार्य र आधारभूत आवश्यकता परिपूर्तिका लागि चालिएका कदमहरुको व्यापक समर्थन गरे । प्राकृतिक प्रतिकूलताको वावजूद वाह्य सहयोग सदुपयोग गरी राष्ट्रिय उत्पादनमा उत्साहबर्द्धक बृद्धि गर्न सकेकोमा नेपालको सराहना गर्दै आगामी वर्षहरुमा सहयोगको परिमाण बृद्धि गर्दै लाने प्रतिवद्धता दोहोऱ्याएका छन् । कार्यक्रम सहयोगको अनुपातबृद्धि गरिदिने हाम्रो प्रस्तावमा सदस्य राष्ट्रहरु सहमत हुनु यस वर्षको बैठकको विशेष उपलब्धि थियो ।

६.५ वर्तमान परिप्रेक्षमा अर्थतन्त्रलाई गतिशील स्थितिमा ल्याउन वाहृय सहयोग अझ बढी आवश्यक भएको कुरा मैले माथि उल्लेख गरिसकेको छु । यस सन्दर्भमा थप उपयुक्त सहायताको लागि हामीले हाम्रा मित्र राष्ट्रहरु र द्विपक्षीय तथा बहुपक्षीय संघ संस्थाहरुलाई अनुरोध गरिसकेका छौं । नेपाल प्रति सबैको पूर्ण सहानुभूति रहेको छ र केही सहयोग प्राप्त भइसकेको पनि छ । अर्थतन्त्रको आवश्यकता अनुसार वाहृय सहयोग मिल्ने कुरामा म विश्वस्त छु । यस अवसरमा हाम्रो विकास प्रयासमा निरन्तर सहयोग गर्दै आएका हाम्रा मित्र राष्ट्रहरु र द्विपक्षीय तथा बहुपक्षीय संघ संस्थाहरु प्रति श्री ५ को सरकारको हार्दिक कृतज्ञता दोहऱ्याउन चाहन्छु ।

६.६ अन्त्यमा, श्री ५ महाराजाधिराज सरकारबाट नव वर्षको शुभ उपलक्षमा देशवासीका नाममा बक्सेको सन्देश यहाँ स्मरण गराउन चाहन्छु । "देशमा परेका कठिनाईको बेला हामीले एकातिर धैर्यपूर्वक आत्मसंयम राखी आत्मसम्मानका लागि आत्मनिर्भरताको बाटोमा हिंड्नु परेको छ भने अर्को तर्फ नेपालीहरुले फुटेर होइन जुटेर, आवेशमा आएर होइन होशियार भएर अभद्र भएर होइन भद भएर देशमाथि आईपरेको बाधा अड्काउ फुकाउन पनि सक्नु परेको छ ।" राष्ट्रनायक सरकारको देश विकासको क्रममा आईपर्ने वाधा व्यवधानहरु पार गर्दै आत्मनिर्भरता तर्फ अगाडि बढ्ने सदिच्छालाई हृदयंगम गरी तयार पारिएको आगामी वर्षको कार्यक्रमको कार्यान्वयनमा माननीय सदस्यहरु, पंच तथा वर्गीय संगठनका कार्यकर्ताहरु, निजी क्षेत्र तथा सर्वसाधारण सबैको सहयोग प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

## आय व्ययको संक्षिप्त विवरण

## २०४६/०४७

रु. हजारमा

| आ.ब. ०४४।४५ को यथार्थ | विवरण | आ.ब. ०४५।४६ को संशोधित अनुमान | आ.ब. ०४६।४७ को अनुमान |
|---:|---|---:|---:|
| १४,१०४,९७० | कूल खर्च | १५,२६०,६६५ | २०,२४१,९९५ |
| ४,६७६,९८१ | साधारण तर्फ | ५,७६५,१४६ | ६,६५१,२०८ |
| ९,४२७,९८९ | विकास तर्फ | ९,४९५,५१९ | १३,५९०,७८७ |
| | खर्च व्यहोर्ने श्रोतहरु | | |
| ७,३५०,३८० | राजश्व | ७,५४०,७०१ | ८,५००,६०० |
| ७,३५०,३८० | राजश्वको वर्तमान श्रोतबाट | ७,५४०,७०१ | ८,०००,६०० |
| | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | | ५००,००० |
| २,०७६,७९२ | बैदेशिक सहायता (अनुदान) | १,८१७,८८८ | २,२२४,०१३ |
| १,८८१,७२७ | द्विपक्षीय | १,५०४,८८६ | १,६९६,८५१ |
| १९५,०६५ | बहुपक्षीय | ३१३,००२ | ५२७,१६२ |
| -४,६७७,७९८ | बचत (+) न्यून (-) | -५,९०२,०७६ | -९,५१७,३८२ |
| | न्यून पूर्ति गर्ने श्रोतहरु | | |
| ३,८१५,८३६ | विदेशी सहायता (ऋण) | ४,१६९,३८० | ७,७६७,३८२ |
| ४६२,५३४ | द्विपक्षीय | ७५०,३१४ | ६०६,३२९ |
| ३,३५३,३०२ | बहुपक्षीय | ३,४१९,०६६ | ७,१६१,०५३ |
| १,१३०,००० | आन्तरिक ऋण | १,३३०,००० | १,७५०,००० |
| ३३९,४०० | गैर बैकिङ्ग | ५००,००० | ६००,००० |
| ७९०,६०० | बैकिंङ्ग क्षेत्र | ८३०,००० | १,१५०,००० |
| -२६८,०३८ | नगद मौज्दातमा परिवर्तन (- बचत) | ४०२,६९६ | ० |

राजश्व अनुमान
२०४६/४७

रु.हजारमा

| संकेत संख्या | शीर्षक | उप – शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कूल जम्मा | ८,०००,६०० | ५००,००० | ८,५००,६०० |
| १.१.१.० | भन्सार महसूल | | २,१५७,००० | २५०,००० | २,४०७,००० |
| १.१.१.१ | | पैठारीबाट | २,१३०,००० | २२०,००० | २,३५०,००० |
| १.१.१.२ | | निकासीबाट | २५,००० | ० | २५,००० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ० | ० | ० |
| १.१.१.४ | | भन्सारको अन्य आय | २,००० | ३०,००० | ३२,००० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | | २,८१४,२०० | २२५,००० | ३,०३९,२०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ९१८,१०० | १००,००० | १,०१८,१०० |
| १.१-२.२ | | मदभट्टी ठेक्का रकम | १,१०० | ० | १,१०० |
| १.१.२.३ | | विक्री कर | १,४४७,००० | ३०,००० | १,४७७,००० |
| १.१.२.४ | | मनोरञ्जन कर | ३८,००० | ५,००० | ४३,००० |
| १.१.२.६ | | होटल कर | ९४,००० | ० | ९४,००० |
| १.१.२.७ | | हवाइ उडान कर | ७०,००० | ३०,००० | १००,००० |
| १.१.२.८ | | ठेक्का कर | २२०,००० | ० | २२०,००० |
| १.१.२.९ | | सडक पूल सम्भार कर | १८,००० | ० | १८,००० |
| १.१.२.९ क | | अन्य | ८,००० | ६०,००० | ६८,००० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | ४००,००० | ० | ४००,००० |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ६९,००० | ० | ६९,००० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ३३१,००० | ० | ३३१,००० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ९५५,००० | २५,००० | ९८०,००० |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | २२५,००० | ० | २२५,००० |
| १.१.४.२ | | आयकर– अर्घ सरकारी क्षेत्र | ५,००० | ० | ५,००० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | ३,००० | ० | ३,००० |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | ६२२,००० | २५,००० | ६४७,००० |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ४०,००० | ० | ४०,००० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | १८,००० | ० | १८,००० |
| १.१.४.८ | | सवारी साधन कर | २२,००० | ० | २२,००० |
| १.१.४.९ ख | | ब्याज कर | २०,००० | ० | २०,००० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | ५३९,७०० | ० | ५३९,७०० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | १६,००० | ० | १६,००० |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रशन दस्तुर | ० | ० | ० |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ७०० | ० | ७०० |
| १.१.५.४ | | सावरी इजाजत दस्तुर | ८,००० | ० | ८,००० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ३५,००० | ० | ३५,००० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ४८०,००० | ० | ४८०,००० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | ३८८,५०० | ० | ३८८,५०० |
| १.१.६.१ | | पिउने पानी महसूल | ३,००० | ० | ३,००० |
| १.१.६.२ | | पानीपोत | २,५०० | ० | २,५०० |
| १.१.६.३ | | विद्युत महसूल | २,००० | ० | २,००० |
| १.१.६.४ | | हुलाक सेवा | ७२,००० | ० | ७२,००० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | २६,००० | ० | २६,००० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १८,००० | ० | १८,००० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ८५,००० | ० | ८५,००० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ८५,००० | ० | ८५,००० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ९५,००० | ० | ९५,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.७.० | लाभांस | | २०५,७०० | ० | २०५,७०० |
| १.१.७.१ | | वित्तीय स.स्था | १९०,००० | ० | १९०,००० |
| १.१.७.२ | | व्यापारिक संस्था | १२,२०० | ० | १२,२०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ३,००० | ० | ३,००० |
| १.१.७.४ | | सेवामूलक संस्था | ५०० | ० | ५०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | ९४,५०० | ० | ९४,५०० |
| १.१.८.१ | | खानी रोयल्टी | १,५०० | ० | १,५०० |
| १.१.८.३ | | अन्य रोयल्टी | ८,००० | ० | ८,००० |
| १.१.८.४ | | अन्य विक्री | ८५,००० | ० | ८५,००० |
| १.१.९.० | साँव र ब्याज | | ४३१,००० | ० | ४३१,००० |
| १.१.९.१ | | साँवा–कम्पनी र स.स्थानहरुबाट | २००,००० | ० | २००,००० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | २३०,००० | ० | २३०,००० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १,००० | ० | १,००० |
| १.१.९.० | विविध आय | | १५,००० | ० | १५,००० |
| १.१.९.४ | | विविध आय | १५,००० | ० | १५,००० |

राजश्व असुली विवरण

रु. हजारमा

| संकेत संख्या | शीर्षक | उप–शीर्षक | आ.ब. २०४४।४५ को यथार्थ | आ.ब. २०४५।४६ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कूल जम्मा | ७,३५०,३८० | ७,५४०,७०१ |
| १.१.१.० | भन्सार महसूल | | २,२१४,७०२ | २,२४९,४१० |
| १.१.१.१ | | पैठारीबाट | १,९८४,२३० | २,०९४,३६० |
| १.१.१.२ | | निकासीबाट | १०७,९०१ | ६१,८६० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | १२१,२२२ | ९१,६२० |
| १.१.१.४ | | भन्सारको अन्य आय | १,३४९ | १,५७० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | | २,५२९,५४८ | २,६२७,९२० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ८२२,४३४ | ८४३,१७० |
| १.१.२.२ | | मदभट्टी ठेक्का रकम | २,९२४ | १,२४० |
| १.१.२.३ | | विक्री कर | १,३००,५२१ | १,३५४,४९० |
| १.१.२.४ | | मनोरञ्जन कर | ३२,२९१ | ३१,७४० |
| १.१.२.६ | | होटल कर | ८०,५७९ | ९२,१२० |
| १.१.२.७ | | हवाइ उडान कर | ६५,३८६ | ६६,१७० |
| १.१.२.८ | | ठेक्का कर | १९९,१३१ | २१०,१८० |
| १.१.२.९ | | सडक पुल सम्भार कर | २४,७८२ | २१,७७० |
| १.१.२.९ क | | अन्य कर | १,५०० | ७,०४० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | ३६८,४२४ | ३७६,७८० |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ८०,६७९ | ६८,१३० |
| १.१.३.४ | | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २८६,२०६ | ३०६,७७० |
| १.१.३.४ | | टिकट दस्तुर | १,५३९ | १,८८० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ६४१,७३१ | ९१०,०११ |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | १९३,१६२ | २११,३२३ |
| १.१.४.२ | | आयकर– अर्ध सरकारी क्षेत्र | १,८६३ | ४,२२६ |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | १,९१९ | २,५९६ |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | ३४८,६०७ | ५९१,७०४ |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ३३,४१६ | ३५,४४२ |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | १७,३९६ | १६,७६० |
| १.१.४.८ | | सवारी साधन कर | २८,२५९ | ३१,५१० |
| १.१.४.९ क | | ब्याज कर | १७,१०९ | १६,४५० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | ६७६,४७४ | ४६६,५०० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | १२,९२५ | १९,३२० |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ९५१ | ४८० |
| १.१.५.४ | | सवारी इजाजत दस्तुर | ९,१०३ | ९,८०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | २७,३४२ | २६,९०० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ६२६,१५३ | ४१०,००० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | ३४८,१६३ | ३३७,७९० |
| १.१.६.१ | | पिउने पानी महसूल | १,७६५ | १,६५० |
| १.१.६.२ | | पानीपोत | ३,५९२ | १,५९० |
| १.१.६.३ | | विद्युत महसूल | २,१८७ | ८०० |
| १.१.६.४ | | हुलाक सेवा | ६०,६३३ | ६६,४२० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | २३,१६६ | २२,६७० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १०,६२६ | १५,२८० |
| १.१.६.७ | | वन क्षेत्रको आय | १०१,०८१ | ७८,००० |

| | | | | |
|---|---|---|---|---|
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ४४,५८३ | ६१,३८० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | १००,५३० | ९०,००० |
| १.१.७.० | लाभांस | | ११७,१७८ | १९५,६८० |
| १.१.७.१ | | वित्तीय स.स्था | ११५,०६५ | १७९,८२० |
| १.१.७.२ | | व्यापारिक संस्था | १६१ | ११,९६० |
| १.१.७.३ | | औद्योगिक संस्था | १,९४९ | ३,९०० |
| १.१.७.४ | | सेवामूलक संस्था | ३ | ० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | २५,७१२ | ४८,४०० |
| १.१.८.१ | | खानी रोयल्टी | ५,८५६ | २,५२० |
| १.१.८.३ | | अन्य रोयल्टी | ५,९१८ | ८,४५० |
| १.१.८.६ | | अन्य विक्री | १३,९३८ | ३७,४३० |
| १.१.९.० | साँव र ब्याज | | ३५८,६२५ | ३१५,७३० |
| १.१.९.१ | | साँवा–कम्पनी र स.स्थानहरुबाट | १५०,४१९ | १५२,००० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | २०७,४११ | १६३,००० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | ७९५ | ७३० |
| १.१.९.० | विविध आय | | ६९,८२३ | १२,४८० |
| १.१.९.४ | | विविध आय | ६९,८२३ | १२,४८० |

साधारण बजेट : व्यय अनुमान

रु.हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४४।४५ को यथार्थ | आ.ब. २०४५।४६ को संशोधित अनुमान | आ.ब. २०४६।४७ को अनुमान |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरु | १ | | १०६,१९४ | १३५,७११ | १४४,३९० |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राज परिवार | २८,२४५ | ३३,२५५ | ४२,४०५ |
| | १.२ | राजसभा | २,४२४ | ३,७४६ | ३,५०२ |
| | १.३ | राष्ट्रिय पञ्चायत | ११,१६९ | १५,८७५ | १६,१६० |
| | १.४ | महालेखा परिक्षकको विभाग | ११,०२० | १३,४०६ | १५,९६७ |
| | १.५ | सर्वोच्च अदालत | ५,०६० | ६,५५६ | ७,३३० |
| | १.६ | लोक सेवा आयोग | १५,३८६ | १३,७६१ | १५,०२२ |
| | १.७ | निर्वाचन आयोग | ३,२१० | ६,२५८ | ६,९२२ |
| | १.८ | अख्तियार दुरुपयोग निवारण आयोग | १,७९३ | २,३४८ | २,३१३ |
| | १.९ | महान्यायाधिवक्ताको कार्यालय | २,२६३ | २,७१५ | ३,०६४ |
| | १.१० | पञ्चायत नीति तथा जाँचबुझ स. | २५,६२४ | ३७,७९१ | ३१,७०५ |
| २. साधारण प्रशासन | २ | | ६७५,७५१ | ८८६,९२१ | १,०२७,८२८ |
| | २.१ | मन्त्रिपरिषद् | ५,२७८ | ९,४२३ | १०,४१८ |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | ७८,५०७ | १०७,७७० | १३१,३३५ |
| | २.३ | जिल्ला प्रशासन | ५६,६८१ | ६६,८८० | ७५,८२८ |
| | २.४ | प्रहरी | ४६२,२५७ | ६०६,३२१ | ६९३,१७३ |
| | २.५ | कारागार | ३१,९८२ | ३९,४५९ | ५१,८५७ |
| | २.६ | विविध | ३९,५४६ | ५४,६६८ | ६२,८१७ |
| | २.७ | प्रशासन सुधार | १,५०० | २,४०० | २,४०० |
| ३. राजश्व प्रशासन | ३ | | १०१,०२० | १२८,२५२ | १३९,१६९ |
| | ३.१ | मालपोत | ४२,४८६ | ५५,०८८ | ६२,१५२ |
| | ३.२ | भन्सार | ३१,८०७ | ३९,३६३ | ३८,६६५ |
| | ३.३ | अन्त:शुल्क | ११,३०८ | १४,३४८ | १५,५६० |
| | ३.४ | कर | १४,९६५ | १८,८८८ | २२,२४४ |
| | ३.५ | राजश्व न्यायाधिकरण | ४५४ | ५६५ | ५४८ |
| ४. आर्थिक प्रशासन र योजना | ४ | | ३८,२०३ | ५१,४८७ | ५१,५६९ |
| | ४.१ | योजना | २,०५१ | ३,९३६ | ३,२२६ |
| | ४.२ | तथ्याङ्क | २,१३९ | ३,२३५ | ३,३८४ |
| | ४.४ | महालेखा नियन्त्रक कार्यालय | ३४,०१३ | ४४,३१६ | ४४,९५९ |
| ५.न्याय प्रशासन | ५ | | ७१,००८ | ९१,३८२ | ९८,९७२ |
| | ५.१ | अदालत | ७०,५८२ | ९०,८५३ | ९८,४७९ |
| | ५.३ | अ.दु.पुनरावेदन अदालत | ४२६ | ५२९ | ४९३ |
| ६.वैदेशिक सेवा | ६ | | १०६,९३३ | १४१,५२८ | १५८,४१७ |
| | ६.१ | बैदेशिक सेवा | ८८,९२३ | १२१,७६८ | १३७,०२० |
| | ६.२ | विविध | १८,०१० | १९,७६० | २१,३९७ |
| ७. रक्षा | ७ | | ७६८,३६६ | ९९४,२६३ | १,११४,०४७ |
| | ७.१ | रक्षा | ६३८,०३२ | ८५१,३६८ | ९०५,७५७ |
| | ७.२ | विविध | १३०,३३४ | १४२,८९५ | २०८,२९० |
| ८. सामाजिक सेवाहरु | ८ | | ५६२,०१५ | ७१२,५२१ | ७८५,११२ |
| | ८.१ | शिक्षा | २६२,५४८ | ३४०,४८९ | ३४९,४२३ |
| | ८.२ | स्वास्थ्य | २०४,०५२ | २७४,९७८ | ३१८,६०३ |
| | ८.३ | पाउने पानी | १४,६३७ | १६,६२५ | २,५४० |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | २८,७११ | ३१,८०० | ९,५८० |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ५२,०६७ | ४८,६२९ | १०४,९६६ |
| ९. आर्थिक सेवाहरु | ९ | | २८९,६०७ | ४१७,३०८ | ४५४,९९६ |
| | ९.१ | कृषि | ९,०२६ | ३३,९८४ | ३६,७४१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९.२ | सिंचाई | ७,८८३ | ८,४०० | १२,६९९ |
| | ९.३ | भूमिसुधार | २९,६१७ | १५,०४६ | १३,०५१ |
| | ९.४ | नापी | १२,६८७ | १६,२३४ | १५,८९२ |
| | ९.५ | बन | १४,५६५ | १८,३९५ | २०,१९६ |
| | ९.६ | उद्योग तथा खानी | १४,५१० | १७,२९३ | १७,०७७ |
| | ९.७ | सञ्चार | १०७,८८७ | १७६,०९० | १९२,२२८ |
| | ९.८ | यातायात | ८७,९५९ | १२२,११३ | १३७,७४४ |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | ५,४७३ | ९,७५३ | ९,३६८ |
| १०.ऋण तथा लगानी | १० | | २,५७३ | ८,५०० | ९,५०० |
| | १०.१ | ऋण तथा लगानी | २,५७३ | ८,५०० | ९,५०० |
| ११. साँवा र ब्याज भुक्तानी | ११ | | १,४९६,४८८ | १,६९३,५६० | २,०८६,१४० |
| | ११.१ | साँवा भुक्तानी | ३९७,४९१ | ४८८,४४८ | ५८१,९१५ |
| | ११.२ | ब्याज भुक्तानी | १,०९८,९९७ | १,२०५,११२ | १,५०४,२२५ |
| १२. विविध | १२ | | ४५८,८२३ | ५०३,७१३ | ५८१,०६८ |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | २५,१७१ | ५५,००० | ४५,००० |
| | १२.२ | निवृत्तिभरण,भत्ता तथा उपदान | १०२,३३९ | १२५,५०० | १५६,५०० |
| | १२.३ | अतिथि सत्कार | १,०९५ | १,००० | १,००० |
| | १२.४ | आकस्मिक सहायता चन्दा तथा पुरस्कार | २१ | २०० | २०० |
| | १२.५ | मुआब्जा | ९७२ | २,००० | १५,००० |
| | १२.६ | अन्य | २११,१७५ | २३३,०३० | २४३,३६८ |
| | १२.७ | भैपरी आउने | ११८,०५० | ८६,९८३ | १२०,००० |
| | | कूल जम्मा | ४,६७६,९८१ | ५,७६५,१४६ | ६,६५१,२०८ |

विकास बजेट : व्यय अनुमान

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४४।४५ को यथार्थ | आ.ब. २०४५।४६ को संशोधित अनुमान | आ.ब. २०४६।४७ को अनुमान |
|---|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | २४,४४५ | ३४,०३४ | १६,३७० |
| | २.७ | प्रशासन | २४,४४५ | ३४,०३४ | १६,३७० |
| ४. आर्थिक योजना र प्रशासन | | | ५,८७८ | ८,०१७ | १८,११५ |
| | ४.१ | योजना | १,५८२ | ३,०२१ | ६,८८५ |
| | ४.२ | तथ्याक | ४,२९६ | ४,९९६ | ११,२३० |
| ८. सामाजिक सेवाहरु | | | २,४३३,३४६ | २,४२३,६७८ | ४,३३४,६२० |
| | ८.१ | शिक्षा | १,२२६,८१० | १,०४१,४४० | १,७३६,१४६ |
| | ८.२ | स्वास्थ्य | ३८५,१६६ | ५६२,०८६ | ६१४,९०७ |
| | ८.३ | पिउने पानी | २३६,२९४ | ३०१,७६१ | ६६०,८९५ |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | ४४२,६५८ | ३३९,९०७ | ५२१,६७५ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | १४२,४१८ | १७८,४८४ | ८००,९९७ |
| ९. आर्थिक सेवाहरु | | | ६,७५१,७३९ | ६,४३७,५०८ | ८,५०६,६८२ |
| | ९.१ | कृषि | ९२८,९२४ | ८७६,१७७ | १,३८२,६६७ |
| | ९.२ | सिंचाई | ८५४,६९९ | १,१८३,८७६ | १,३५१,६३३ |
| | ९.३ | भूमिसुधार | १९,५६२ | २०,३६९ | ४३,६४२ |
| | ९.४ | नापी | ७२,१०४ | ६७,९३२ | ६९,७३४ |
| | ९.५ | बन | ४४९,५९६ | ४२२,१६१ | ६३८,५६० |
| | ९.६ | उद्योग तथा खानी | ६०३,९९३ | ७४५,२३५ | ७८९,०६२ |
| | ९.७ | सञ्चार | ५१८,९८४ | ४०८,११२ | १२४,३१२ |
| | | (क) हुलाक | ३,१७८ | ८,०८४ | ४,३१२ |
| | | (ख) दूर संचार | ५१५,८०६ | ४००,०२८ | १२०,००० |
| | ९.८ | यातायात | १,२१४,६२३ | १,३३०,०९२ | २,६६८,५९९ |
| | | (क) सडक | ९५८,४२९ | १,१५६,८३१ | १,९३०,०४७ |
| | | (ख) पूल | ११२,३८२ | ६५,९८२ | ११५,९२९ |
| | | (ग) हवाई | १४२,९७४ | ७९,८८० | ५७४,३३६ |
| | | (घ) अन्य यातायात | ८३८ | २७,३९९ | ४८,२८७ |
| | ९.९ | विद्युत | १,९२४,६५५ | १,२४५,९३९ | १,१२४,८८२ |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | १६४,५९९ | १३७,६१५ | ३१३,५९१ |
| | | (क) बाणिज्य | १३,५१७ | २५,६८१ | ४४,३५० |
| | | (ख) श्रम | ६,४९६ | १३,६८६ | ८,८४४ |
| | | (ग) पर्यटन | १११,४०५ | १४,७३१ | २०,७४८ |
| | | (घ) हावापानी तथा जल विज्ञान | १३,२०९ | १५,६४७ | १८,७७० |
| | | (ङ) अन्य | १९,९७२ | ६७,८७० | २२०,८७९ |
| १२. विविध | | | २१२,५८१ | ५९२,२८२ | ७१५,००० |
| | १२.६ | अन्य | ८०,२७२ | २१३,२०० | ४५५,००० |
| | १२.७ | भैपरी | १३२,३०९ | ३७९,०८२ | २६०,००० |
| कूल जम्मा | | | ९,४२७,९८९ | ९,४९५,५१९ | १३,५९०,७८७ |